लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति - २०८१

(Gender Equality and Social Inclusion Mainstreaming Strategy – 2024)



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुन्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

२०८१

बिषय सूची

बिषय सूची ..... क
तालिका सूची ..... ग
१. पृष्ठभूमि १
संक्षिप्त नाम र परीभाषा २
१.१. रामप्रसादराई गाउँपालिकाको परिचय ६
१.२. लैससास रणनीति को आवश्यकता र औचित्य ७
१.३. लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु ९
१.४. लैससास क्षेत्रमा लक्षित समुदायत्को पहिचान र बर्गिकरण ९
२. लैससास को अवस्था र विश्लेषण १०
२.१. लैससासको दृष्टिकोणबाट गाउँपालिका को सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण १०
२.२. सरोकारवाला पहिचान तथा विश्लेषण ११
२.३. लक्षित वर्ग पहिचान १२
२.४. लक्षित वर्गका समस्याको पहिचान १२
३. दिर्घकालीन सोच १५
४. धेय १५
५. लक्ष्य १५
६. उद्धेश्यहरु १५
७. रणनीतिहरु १६
७.१ मूलप्रवाहिकरण १६
७.२ सशक्तिकरणः १६
७.३ क्षमता बिकासः १६
७.४ समन्वय, सहकार्य र सहजीकरणः १६
७.५ अनुगमन तथा मूल्यांकन १७
८. रणनैतिक क्रियाकलापहरु १८
८.१. रणनैतिक कृयाकलापहरु र कार्ययोजना (आ. व.२०८१/८२ देखि २०८३/८४ सम्म, तिन आ.व. को कृयाकलापहरु) १८
९. बित्त व्यवस्थापन ३५
१०. कानुनी व्यवस्था ३५
१०.१. नीतिको पुनरावलोकन तथा सुधार ३५

तालिका सूची

तालिका १: रामप्रसाद राई गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण१०
तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण.....११
तालिका ३: लक्षित वर्ग पहिचान.....१२
तालिका ४: लक्षित वर्गका समस्याको पहिचान.....१२
तालिका ५: पहिलो वर्ष (आ. व. २०८१/८२) को रणनितिक कृयाकलापहरु.....१८
तालिका ६: दोस्रो वर्ष (आ. व. २०८२/८३) को रणनितिक कृयाकलापहरु र कार्ययोजना.....२४
तालिका ७: तेस्रो वर्ष (आ. व. २०८३/८४) को रणनितिक कृयाकलापहरु र कार्ययोजना.....२९
तालिका ८: रणनीतिको कार्यान्वयनमा पालिकाको जिम्मेवारी र दायित्व.....३६
तालिका ९: सम्भावित जोखिम तथा न्यूनिकरणका लागि ध्यान दिनुपर्ने कुराहरु.....४२

मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिएको क्षेत्र, आर्थिक रुपले बिपन्न, खस, आर्य लगाएतका नागरिकहरुको संरक्षण, सशक्तिकरण र बिकासका बिशेष कार्यक्रम संचालन गर्न सकिने ब्याख्या पनि गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा बिकासका लागि आवधिक, बार्षिक, रणनितिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बने लागु गर्नुपर्ने कुरालाई कानुनि दायित्वको रुपमा ब्यबस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समाबेशीकरण सम्बन्धि अन्तरसम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने भनि उल्लेख गरेको छ ।

लैङ्गिक समानता र सामाजिक समाबेशीकरण बिना अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने तथ्यलाई ध्यानमा राख्दै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय सामाजिक समाबेशी नीति २०७७, महिला, बालबालिका तथा ज्येस्ठ नागरिक मन्त्रालयबाट रास्ट्रीय लैङ्गिक समानता नीति २०७७ लाइ कार्यन्वयनका लागि आवश्यक नीतिगत ब्यबस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति बनाउन सके मात्र समाबेशी लोकतन्त्रलाइ संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामुलक पहुँच स्थापित गर्न मदत पुग्न सक्छ ।

रामप्रसाद राई गाउँपालिकाको पनि यहि आवश्यकता र यथार्थ लाइ मध्यनजर गरि लैससास रणनीति तयार गरेको हो । लैङ्गिक मैत्री समाबेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप सामाजिक तथा सांस्कृतिक रुपमा पछाडी पारिएका वा परेका महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिँसा पिडितहरुलाई समान सहभागिता अग्रसरता र निर्णय प्रक्रिया हरुमा अर्थपूर्ण सहभागिताको भूमिका सहित लैंगिक समानता र सामाजिक समाबेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने बातावरण निर्माण गर्न र स्थानीय तहबाट गठन तथा संचालन हुने समिति संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहिकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण पद्दति लाइ सस्थागत गर्न रामप्रसाद राई गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ तर्जुमा गरियेको छ ।

संक्षिप्त नाम र परीभाषा

यस रणनीतिको नाम लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ रहने छ र यो रामप्रसाद राई गाउँपालिकाले स्वीकृति गरेको मिति देखि लागु हुनेछ ।

परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

ट) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलिन कानून वमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य संचानल गर्ने गैर नाफामूलक संस्था बुझ्नु पर्दछ ।

ठ) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियमा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दै कार्यक्रम छनौट गरी लगानि गर्ने पद्धतिलाई जनाउँछ ।

ड) **"उपभोक्ता समिति"** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थरु, मुस्लिम, पिछडावर्गा, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, जेष्ठ नागरिक बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता बुझ्नु पर्दछ ।

ढ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातिय भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँदछ ।

ण) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थतीति वा अवस्था अनुसार ढाली अधिकतम उपयोग गर्ने प्रकृया बुझ्नु पर्दछ ।

त) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला र पुरुषलाई थप अवसर दिएर समातामूलक स्थितीको निर्माण गर्न गरिने प्रयासलाई सम्झनु पर्छ ।

थ) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुष बिच सबै तह र क्षेत्रमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

द) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभन्न सामाजिक समूहहरु बीचको असमान सम्बन्धहरुलाई पुन सुनिश्चित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर, एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई बुझ्नु पर्दछ ।

ध) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यन्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिकरणमा परेका वा पारिएका समुहहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

१.१. रामप्रसादराई गाउँपालिकाको परिचय

कोशी प्रदेश अन्तर्गत भोजपुर जिल्लाको ९ वटा स्थानीय तहहरुमध्ये रामप्रसादराई गाउँपालिका एक हो । भोजपुर जिल्लाको दक्षिण-पश्चिम भू-भागमा अवस्थित यस स्थानीय तहको नामाकरण वि. सं. २००७ सालको प्रजातन्त्रिक योद्धा राम प्रसाद राईको नामबाट गरिएको छ । भोजपुर नगरपालिकादेखि दक्षिण, पौवादुङ्मा गाँउपालिकादेखि पश्चिम, हतुवागढी र आमचोक गाउँपालिकादेखि उत्तर र खोटाङ्ग जिल्लादेखि पूर्वमा अवस्थित यस गाँउपालिका १५६.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

साविक केन्द्रीय तथ्यांक विभागले गरेको पछिल्लो जनगणना अनुसार यस गाउँपलिकामा जम्मा घरधुरी संख्या ३,७०९ रहेको छ भने पुरुष संख्या ७,७३४ र महिला ७,९३९ गरी जम्मा जनसंख्या १५,६७३ रहेको छ (श्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८) ।

यस गाउँपालिका अन्तर्गत जम्मा ८ वटा वडाहरु रहेका छन् । वडा कार्यालयहरुमा क्रमशः १ नं वडा कार्यालय ओखे, २ नं वडा कार्यालय धोद्लेखानी, ३ नं वडा कार्यालय भुल्के, ४ नं वडा कार्यालय दलगाउँ, ५ नं वडा कार्यालय मानेभङ्याङ्ग, ६ नं वडा कार्यालय बैकुण्ठे, ७ नं वडा कार्यालय वासिखोरा र ८ नं वडा कार्यालय खोक्सिक रहेका छन् । १ नं देखि ६ नं सम्मका वडाहरु साविकका सोही नामका गाउँविकास समितिहरु हुन् भने साविकको वासिखोरा गा.वि.स. लाई विभाजन गरी २ वटा वडाहरु (७ र ८)मा विभाजन गरिएको हो ।

यहाँको अधिकतम तापक्रम ३२.२°से. र न्यूनतम तापक्रम ०.१०°से. र वार्षिक वर्षा १००५.९ मी.मी. देखि २१२३ मी.मी. सम्म हुने गरेको पाईन्छ भने सापेक्षिक आद्रता वर्षायाममा ९०% र हिउँद याममा ५०% देखि ७०% सम्म पाईएको छ । यहाँको औपत वार्षिक वर्षा १२०८ मी.मी. रहेको छ ।

राज्यको पुनर्संरचना अगाडि भोजपुर जिल्लाको जम्मा १३ ईलाका मध्ये इलाका नं. १० अन्तर्गतको जम्मा ४ गाविसहरु ओखे, धोद्लेखानी, भूल्के, दलगाउँ र इलाका नं. ११ अन्तर्गतको मानेभङ्याङ्ग, वैकुण्ठे र बासीखोरा मिलेर हालको रामप्रसादराई गाउँपालिका बनेको हो ।

टोल/वस्ती संख्या १७७ रहको छ । यस गाउँपालिकाको केन्द्र बैकुण्ठे (चिलाउनेटार)बजार जुन भोजपुर सदरमुकामदेखि जम्मा २९.६० कि.मी. रहेको छ ।

राई जातीको उल्लेख्य संख्या रहेको यस गाउँपालिकामा बसोबास गर्ने अन्य मुख्य जातजातीहरुमा क्षेत्री, ब्राह्मण, तामाङ, मगर र दलितहरु रहेका छन् । पछिल्लो जनगणनामा यस गाउँपालिकामा पुरुष ८५.४८% र महिला ७१.५२% गरी औषतमा ७८.३८% साक्षरता रहेको देखिएको छ ।

जनसंख्या, घरधुरी र साक्षरताः

नेपालले गरेको राष्ट्रिय तथा अन्तरास्ट्रिय प्रतिबद्दतालाई पुरा गरि समानता कायम गर्नका लागि राष्ट्रिय लैंगिक समानता नीति आवश्यक रहेको छ । सबै वर्ग तथा समुदायहरुको आवाज वा गुनासो सुन्न सकिएको छैन । लैससास अन्तर्गतका समुहहरुलाई आफ्नो अधिकार र बिधमान कानुनी प्रावधानका सम्बन्धमा यथेस्ठ जानकारी हुन सकेको छैन । समाजमा बिभिन्न गलत अभ्यास, रिति रिवाज, चालचलन विधमान रहेका छन् । जसले बिकासका लागि व्यक्तिहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्न राज्यको स्रोत साधनलाई पारदर्शी र जवाफदेही बनाउन निम्नलिखित आवश्यकताहरु छन् ।

- शासकीय प्रणालीमा सबै वर्ग, लिङ्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न ।
- स्थानीयको योजनमा तर्जुमा प्रक्रियालाइ लैंगिक उत्तरदायी बनाउन संगै नीति, कानुन र संरचनामा लैससास मुलप्रवाहीकरण गर्न ।
- यस अन्तर्गत संचालन हुने रणनीतिक योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न सरोकारवालाहरु बीच बुझाइमा एकरुपता कायम गर्न र लैससास सम्बन्धि कानुनी व्यबस्थाको कार्यन्वयनमा सहयोग पुर्याउन ।
- राष्ट्रिय तथा अन्तरास्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता, संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न ।
- लैससास अन्तर्गतका समूहहरुका समस्या र पिडित बर्गका गुनासो सुनुवाईको उचित व्यवस्था गर्न। सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न । लैंगिक असमानता र हिँसाका विभिन्न स्वरूपलाई निरुत्साहित गर्न ।
- बालबालिकाहरुको सर्वांगीण बिकासको लागि समुदाय स्तरमा बाल क्लब तथा अन्य बालबालिका लक्षित अतिरिक्त क्रियाकलापहरु संचालन गर्न ज्येस्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्न
- स्थानीय उत्पादनहरुलाई महिलाहरुको आर्थिक विकास संग जोडेर सशक्तिकरण गर्न ।
- सामान्य तथा मध्यम अपाङ्गता भएका र सामान्य काम गर्ने सक्ने ज्येष्ठ नागरिकहरुलाई आर्थिक विकास संग जोडनको लागि आवश्यक कार्ययोजना गर्न ।
- राज्यको स्रोत, साधन, अवसर र लाभको वितरणमा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गरेर समानुपातिक बितरणको व्यवस्था सुनिश्चित गर्न ।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधामा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गर्न ।ङ्गीण
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न । अब नेपाल सरकारले गरेको दिगो बिकासको लक्ष्य पुरा गर्न लैससास रणनीतिको आवश्यकता पर्दछ ।

२. लैससास को अवस्था र विश्लेषण

यस लैससास मूलप्रवाहीकरण रणनीति तयारी गर्ने क्रममा पालिकास्तरमा लैससासको बारेमा अवधारणात्मक साझा बुझाई ल्याउने, लैससास रणनीति निर्माण तथा रणनीति कार्यान्वयनमा सहजीकरण गर्नका लागि कार्यदल गठन गर्ने र गाउँपालिकाको लैससास सम्वन्धि समग्र अवस्था पहिचान गर्ने उद्देश्यका साथ एक कार्यशाला गोष्ठीको आयोजना गरी गोष्ठीका सहभागीहरुसंग अन्तरक्रिया तथा समूह केन्द्रित छलफलबाट लैससासको दृष्टिकोणबाट गाउँपालिकाको सवल पक्ष, सुधारगर्नु पर्ने पक्ष, अवसर र चुनौति विश्लेषण, लैससास सवाल विश्लेषण, नीति विश्लेषण, सरोकारवालाहरु पहिचान तथा विश्लेषण, लक्षित वर्ग पहिचान तथा समस्या पहिचान र रणनीतिको दीर्घकालिन सोच, लक्ष, उद्देश्य, रणनीति तथा रणनीतिक कार्ययोजना तय गरिएको थियो। यसका अलावा नगर उप-प्रमुख समेत अन्य जानकार व्यक्तिहरु, सामाजिक विकास शाखा र बालबालिका तथा जेष्ठ नागरिक शाखासंग छुट्टै अन्तर्वार्ता गरी गाउँपालिकाको समग्र लैससास अवस्था पहिचान तथा विश्लेषण गरिएको थियो। उक्त मुख्य मुख्य विश्लेषण तथा विश्लेषणका निश्कर्षहरु निम्न अनुसार छन्:।

२.१. लैससासको दृष्टिकोणबाट गाउँपालिका को सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट हालको अवस्था पहिचान गरी आगामी रणनीति तय गर्नका लागि गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरुको विश्लेषण गरिनु अत्यन्तै महत्वपूर्ण हुने भएकाले उक्त विश्लेषण गरिएको थियो । यसरी विश्लेषण गर्दा गाउँपालिकामा देखिएको हालको अवस्था निम्न अनुसार तालिका १ मा उल्लेख गरिएको छ:

तालिका १: रामप्रसाद राई गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण

सवल पक्ष	कमजोर पक्ष
• गाउँपालिकामा न्यायीक समिति र वडामा मेल मिलाप केन्द्र गठन भएको • स्थानीय तहमा महिला र बालबालिका सम्वन्धी काम गर्ने कर्मचारीको व्यवस्था भएको • विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, राजनैतिक दल, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सकारात्मक सहयोग रहेको • बिकासका गतिविधिहरुमा महिला पुरुषको समान सहभागिता हुन थालेका छन् ।	• लक्षित वर्गका सामाजिक तथा आर्थिक समस्यहरुलाई सम्वोधन गर्नका लागि प्रयास कार्यक्रमहरु संचालन गर्न नसक्नु • स्थानीय तहबाट गठन हुने उपभोक्ता समितिको नेतृत्वमा तहमा महिला दलित अपाङ्गता जेष्ठ नागरिक बालबालिकाहरुको प्रतिनिधित्व कम छ • स्थानीय तहको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु । • लैससासका कार्यक्रम संचालनका लागि प्रयास मात्रामा आर्थिक श्रोत जुटाउन नसक्नु • लक्षित वर्गलाई मूल प्रवाहमा ल्याउनका लागि प्रयास नीति तथा रणनीतिक योजना नहुनु

• योजना तथा प्रशासन शाखा • शिक्षा शाखा • स्वास्थ्य शाखा • कृषि शाखा • पशु सेवा शाखा • सबै वडा कार्यालयहरु	• विभिन्न लघुवित्त संस्थाहरु/बैङ्कहरु • महिला प्रहरी सेल • जिल्ला प्रहरी कार्यालय • स्वास्थ्य चौकी/केन्द्रहरु • लघुउद्यम विकास कार्यक्रम • नेपाल रेडक्रस सोसाइटी • दलित, महिला, बालबालिका जेष्ठ नागरिक, जातीय उत्थान र अपाङ्गताको क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाहरु	मन्त्रिपरिपदको कार्यालय, कोशी प्रदेश, विराटनगर • राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, बिराटनगर • संघीय मामला तथा सामान्य प्रशासन मंत्रालय, सिंहदरवार काठमाण्डौ • महिला बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय, सिंहदरवार काठमाण्डौ

२.३. लक्षित वर्ग पहिचान

महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु अशक्त वा अशाहाय, पिछडिएको क्षेत्र, एकल महिला, आर्थिक, सामाजिक रुपमा पछाडी परेका बर्गको पहिचान गर्ने प्रयास गरिएको छ ।

यहाँ अधिकांश मानिसहरु राई जातका रहेका छन् र त्येस्पछी क्षेत्री र तामाङ जनसंख्याको छन्। साथै, ८.२% र ४.२% जनसंख्या क्रमशः मगर र बि.क छन्। ब्राह्मण, परियार, घर्ति, मिजार र नेवार जति अल्पसंख्यक छन् ।

तालिका ३: लक्षित वर्ग पहिचान

एकल महिला	दलित (तराई पहाड दुवै)	अपांगता भएका व्यक्तिहरु
हिंसा पिडित महिला	लोपोन्मुख तथा सिमान्तकृत जातजाती	असहाय जेष्ठ नागरिक
लैङ्गिक/यौनिक अल्पसंख्यक	आदिवासी जनजाती	विद्यालय नजाने बालबालिका
हिंसा पिडित पुरुष	गरिव विपन्न र सुकुमवासी घरपरिवार	किशोर किशोरी तथा युवा

२.४. लक्षित वर्गका समस्याको पहिचान

तालिका ४: लक्षित वर्गका समस्याको पहिचान

लक्षित वर्ग	समस्या
महिला	• अर्थपूर्ण सहभागिताको कमी/अभाव • महिलाहरुमा कामको तेहरो जिम्मेवारी • विभन्न रुढीवादी परम्परागत सोच • विविध कारणले महिलाहरु घर बाहिर निर्धक्क भएर निस्कन नसक्नु • कारण- घरको सम्पूर्ण कामको भार, बालबालिका हुर्काउने काममा महिलाको मात्र भूमीका र दायित्व हुनु, शिक्षा र आर्थिक अवसरको कमीका कारण महिला पछि परेकाले महिलाको आत्मवल कम हुनु, समुदायमा अहिले सम्म पनि महिलालाई गृहिणीको रुपमा मात्र सिमित राख्न खोज्ने सोच भएको

	• महिनावारीको समयमा किशोरीहरुलाई स्कुलमा समस्या हुने • सामाजिक संजालको दुरुपयोग बढ्दै गएर उत्पादनमूलक काममा लाग्नुको सट्टा यौन हिंसा, दुर्व्यवहार तथा लागु औषधको कुलतमा फस्ने गरेको • धेरै पैसा कमाउने लोभमा अपराधिक कृयाकलापहरु बढ्दै गएको
गरिव विपन्न तथा सुकुम्वासी परिवार	• जग्गाजमिनको सिमितता वा हुँदै नहुनुका कारण कृषिमा आधारित व्यवसाय गर्न नसक्नुका कारण खाद्य असुरक्षा भई विहान बेलुकाको खाद्य जोहो गर्न नै कठीन भएको • जीवन निर्वाहका लागि ज्याला मजदुरी तथा तत्कालिन आम्दानीका कामहरु गर्नु पर्ने बाध्यताका कारण दीर्धकालिन सोच राख्न नसक्नु • अशिक्षा र चेतनाको कमीका कारण बालविवाह, घरायसी कलह, मदिराको अत्याधिक सेवन लगायतका सामाजिक कुरीति तथा हानीकरक सामाजिक प्रचलनबाट पिडीत रहनु • विकासका क्रियाकलापहरुमा सहभागीताको कमी, स्रोत साधनमा न्यून पहुँच, निर्णायक तहमा प्रतिनिधित्व हुन नसक्नु तथा विकासको मूलप्रवाहीकरण प्रकृयाबाट अलग रहनु
लैङ्गिक तथा यौनिक अल्पसंख्यक	• लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान हुन नसक्नु • खुलेर समाजमा आउन नचाहनु र समान अवसरबाट बञ्चित हुनु • समाजबाट अपमानजनक व्यबहार तथा विभेदपूर्ण दृष्टिकोण राख्नु

- लैगिंक उत्तरदायी तथा समावेशी बजेट परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित समुदायहरुको क्षमता विकास गर्दै अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरको प्रभावलाई लैससासको मूलप्रवाहिकरण समावेश गर्न ।

७. रणनीतिहरु

माथिका उद्देश्यहरु पुरा गर्नको लागि गाउँपालिकाका लक्षित वर्गहरुका समस्या र सवालहरूका आधारमा उनीहरुलाई सशक्तिकरण गर्ने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, आर्थिक गतिविधिहरुमा लक्षित वर्गको सहभागिता बढाउने, गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाइ पारदर्शी र जवाफदेही बनाउने, लक्षित वर्गको पक्षमा नीति नियमहरु बनाउने र लैससासको अवधारणालाई सवै क्षेत्रमा संस्थागत गर्ने विषयहरुमा केन्द्रित भई देहाय बमोजिमका रणनितिहरु तय गरिएकोछः

७.१ मूलप्रवाहिकरण

- नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरी मुलप्रवाहिकरण गरिनेछ।
- लैससास बजेट तर्जुमा र परीक्षण, लैससास मैत्री संस्कृति र कार्य वातावरण सृजना गर्दै संस्थागत प्रणाली तथा संरचनाहरु र कार्यक्रमहरुमा लक्षित वर्गहरुको समावेशीकरण, अर्थपूर्ण सहभागिता, पँहुच र अवसरहरु सृजना गर्दै लगिनेछ।

७.२ सशक्तिकरणः

विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिनेछ।

७.३ क्षमता बिकासः

- गाउँपालिकाका जनप्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संघ-संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
- लक्षित वर्ग र समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक बिकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

७.४ समन्वय, सहकार्य र सहजीकरणः

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयास व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न

८. रणनैतिक क्रियाकलापहरु

८.१. रणनैतिक कृयाकलापहरु र कार्ययोजना (आ.व.२०८१/८२ देखि २०८३/८४ सम्म, तिन आ.व. को कृयाकलापहरु)

तालिका ५: पहिलो वर्ष (आ. व. २०८१/८२) को रणनितिक कृयाकलापहरु

क.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
१	लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिका को संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समुहहरुको समाबेशीता र अर्थपूर्ण सहभागिता	१.१ लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरि मुलप्रवाहिकरण गरिनेछ।	१.१.१ वडागत रुपमा लैससासका लक्षित वर्ग (महिला, एकल महिला, हिंसा पाडित, गरीब विपन्न, दलित, किशोर किशोरी, युवा, असहाय जेष्ठ नागरिक, आदिवासी जनजाती, लोपोन्मुख तथा सिमान्तकृत जातजाती, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि) हरुको पहिचान गरि उनीहरुको खण्डिकृत तथ्याङ्क संकलन र सो वर्गले भोगेका समस्या तथा सवालहरु विश्लेषणको प्रतिवेदन बनाउने (Baseline तयार गर्ने)	४,००,०००	१ पटक	• लैससास खण्डिकृत तथ्याङ्क • लक्षित वर्गका समस्या तथा सवालहरु पहिचान विश्लषणको प्रतिवेदन • अनुगमन मूल्याङ्कन प्रतिवेदन
			१.१.२ वडागत रुपमा लैससासका लक्षित वर्ग हरुको समस्या सम्वोधन गर्न, उनीहरुको आवाजको सुनुवाई हुने वातावरण बनाउन र श्रोत साधनमा पहुँच बृद्धिका लागि महिला, दलित, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, जनजाती, अल्पसख्यकहरु को सवालमा आधारित छुट्टाछुट्टै समूह/सञ्जालहरु गठन गर्ने ।	६००००	२४ समूह	समूह/सञ्जाल दर्ता भएको रेकर्ड
			१.१.३ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमनका लागि रणनीतिमा व्यवस्था भए अनुसार गाउँपालिका र वडा स्तरिय समितिहरु गठन गर्ने।	0	गाउँपालिकामा १ वटा र प्रत्येक वडामा १/१ वटा	समिति उपसमित गठन भएको रेकर्ड र उक्त समितिहरुको बैठकका निर्णयहरु
			१.१.४ लैससास सम्वन्धि सवालहरुलाई सम्वोधन गर्ने गरि गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने	0	१ पटक	बार्षिक कार्यक्रम तथा बजेट

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
२	गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनि पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको अवसर सृजना गर्ने;	विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिनेछ।	प्रत्येक वडा वडाका पहिचान गरिएका लक्षित वर्गका विपन्न महिलाहरुलाई उद्यमशिता विकास गरी स्वरोजगारीका माध्यमबाट आर्थिक सशक्तिकरण गर्नका लागि वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि सासहिक तालिमको कक्षाहरु संचालन गर्न तालिम पाठ्य सामग्री र पाठ्यक्रम तयारी गर्ने	४,००,०००	१ पटक	तयार भएको तालिम पाठ्य सामग्री र पाठ्यक्रम
			उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि सासहिक तालिम कक्षाका संचालन तथा समूहलाई सहजीकरणको लागि स्थानीय सहजकर्ता छनौट गर्ने	५०,०००	२० जना	उद्यम सहजकर्ता भर्ना प्रकृया, छनौट र परिचालनको निर्णय
			उद्यम सहजकर्ताहरुको क्षमता विकास तालिम संचालन	४,००,०००	२० जना ५ दिन	हाजिरी र तालिम सिवेदन
			उद्यम सहजकर्ताहरुको परिचालन र सहभागी खाजा खर्च (१५० सहभागीको लागि)	२,००,०००	सहजकर्ता-५ ३ महिना	सहजकर्ता र सहभागीहरुको हाजिरी, र प्रतिवेदन
			उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि सासहिक तालिम कक्षाका सहभागीहरुले छनौट गरेको व्यवसाय संचालनका लागि गाउँपालिकाबाट रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्था गर्ने,	४,००,०००	५ वटा वडाका ५० जना व्यक्ति	स्वीकृत वार्षिक कार्यक्रम
			गाउँपालिकाबाट सहयोग गरिने रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्थापनका लागि कार्यविधि तयार गरि लागु गर्ने,	२५,०००	१ वटा	तयार भएको कार्यविधि
			उद्यमीहरुलाई आवश्यक ऋणको लागि बैङ्क तथा वित्तीय संस्थाहरुसंग समन्वय गराउने।	०	१० जना	सहजकर्ताको प्रतिवेदन र ऋण लिएका उद्यमीको नाम
३	परम्परागत रुपमा चलि आएका हानीकारक सामाजिक मूल्य मान्यता तथा	३.१. गाउँपालिकाका जन प्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा	३.१.१ गाउँपालिकामा भएका घरेलु, लैङ्गिक, सामाजिक तथा अन्य विभिन्न कारणले हुने हिंसा, जोखिम वा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित महिलाहरुको समस्या तथा सवालहरुलाई सम्वोधन गर्न गाउँपालिका स्तरमा भएको न्यायीक समिति र प्रत्येक वडा वडामा गठन भएमो मेल मिलाप केन्द्रको प्रभावकारीता बृद्धि गर्न कम्तिमा ३ महिनामा एक	४४,०००	४४ वटा	न्यायीक समिति र वडा मेलमिलाप केन्द्रको बैठकको माईन्यूट तथा निर्णयहरु

क.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
		विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ ।	प्रशोधनसंग सम्वन्धित (कृषि तथा गैह्र कृषि) शीपमूलक तालिमहरुको आयोजना गर्ने			
			३.२.३ तालिम प्राप्त सहभागीहरुलाई तालिम अनुसारको व्यवसाय संचालनका लागि बढिमा ५० प्रतिशत सम्म अनुदान दिने	९,००,०००	८५ जना	अनुदानको लागि भएको संझौता, सहयोग बुझेको भर्पाई
			३.२.४ गाउँपालिका ले व्यवसाय संचालनका लागि दिने अनुदान सहयोगको कार्य विधि निर्माण गरि लागु गर्ने	२५,०००	१ वटा	तयार भएको कार्यविधि
			३.२.५ दलित र विपपन्न परिवारका बालिकाहरुको उच्च शिक्षाको लागि छात्रबृत्ति सहयोगको लागि कार्य विधि बनाई सहयोग दिने	१०,००,०००	१० जना	छनौट प्रकृयाको माईन्यूट र रकम बुझेको प्रमाण
४	स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने	४.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयास व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी	४.१.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि गाउँपालिका को आन्तरिक स्रोतबाट विनियोजन गर्न सकिने स्रोत साधनहरु र आवश्यक पर्ने बाह्य स्रोतको आँकलन गर्ने	०	गाउँपालीकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा गर्ने	गाउँपालिकाको बजेट विनियोजन तथा स्रोत आँकलन प्रतिवेदन
			४.१.२ आवश्यक पर्ने बाह्य स्रोतको आँकलन अनुसार बजेट व्यवस्थापनका लागि सम्वन्धित विभिन्न सरकारी एवं गैह्र सरकारी निकाय र दातृ निकायहरुसंग साझेदारी / सहकार्यको लागि अन्तर्क्रिया तथा समन्वय गोष्ठीको आयोजना गर्ने	२,००,०००	१ पटक	गोष्ठिका सहभागीहरुको हाजिरी तथा गोष्ठी संचालनको प्रतिवेदन
			४.१.३ आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरु को प्रयास व्यवस्था गर्न सम्वन्धित संघीय, प्रादेशिक मंत्रालयहरु र अन्य बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्यका लागि फोन सम्पर्क, पत्राचार र स्थलगत भेटघाट मार्फत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोगको लागि प्रस्ताव गर्ने	०	कम्तिमा १ पटक र आवश्यकता अनुसार पटक पटक गर्ने	पत्राचार गरिएको चिठ्ठीको प्रतिलिपि, स्थलगत भेटघाटको प्रतिवेदन, सहयोगको लागि भएको संझौता वा प्रतिवद्धता पत्र र सहयोग भएको रकम वा मानवीय शंसाधन

तालिका ६: दोस्रो वर्ष (आ.व. २०८२/८३) को रणनितिक कृयाकलापहरु र कार्ययोजना

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
१	लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समुहहरुको समावेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास	१.१ लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरि मुलप्रवाहिकरण गरिनेछ।	१.१.१ वडागत रुपमा लैससासका लक्षित वर्ग हरुको समस्या सम्वोधन गर्न, उनीहरुको आवाजको सुनुवाई हुने वातावरण बनाउन र श्रोत साधनमा पहुँच बृद्धिका लागि महिला, दलित, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, जनजाती, अल्पसख्यकहरु को सवालमा आधारित छुट्टाछुट्टै समूह/सञ्जालहरु गठन गर्ने	६००००	२४ समूह	समूह/सञ्जाल दर्ता भएको रेकर्ड
			१.१.२ लैससास सम्वन्धि सवालहरुलाई सम्वोधन गर्ने गरि गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने	0	१ पटक	बार्षिक कार्यक्रम तथा बजेट
			१.१.३ गाउँपालिकाबाट गठन गर्ने हरेक समूह तथा समितिहरु लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार गठन गर्ने र सामाजिक समावेशी समिति गठन भएको सुनिश्चतता गर्ने	0	आवश्यकता अनुसार	पलिकाको विभन्न समितिहरुको रेकर्ड
			१.१.६ गाउँपालिकाको बार्षिक कार्यक्रम कार्यन्वयनको चरणमा लक्षित वर्गको समावेशीता भए नभएको र उनीहरुलाई फाईदा पुगे नपुगेको सुनिश्चतता गर्ने	0	आवश्यकता अनुसार	गाउँपालिकाको प्रगति प्रतिवेदन र अनुगमन प्रतिवेदनहरु
		१.२ लैससास बजेट तर्जुमा र परीक्षण, लैससास मैत्री संस्कृति र कार्य वातावरण सृजना गर्दै संस्थागत प्रणाली तथा संरचनाहरु र	१.२.१ गाउँपालिकाको कार्यक्रमको बार्षिक रुपमा लैससास बजेट कोडिङ्ग गरि विश्लेषण गर्ने र लैससास परिक्षण गरि देखिएका कमजोरीहरु हटाउन कार्ययोजना तयारी गर्ने	२,००,०००	१ पटक	सुधारगर्नुपर्ने पक्ष सहितको लैससास परीक्षण प्रतिवेदन
			१.२.२ गाउँपालिकामा कर्मचारी र सेवा ग्राही दुवैको लागि महिला तथा अपाङ्ग मैत्री शौचालय, स्तनपान कक्षको व्यवस्थापन गर्ने	आन्तरिक रुपमा व्यवस्थापन गर्ने	कम्तिमा १/१ वटा शौचालय र स्तनपानकक्ष	गाउँपालिकामा भएको शौचालय र स्तनपान कक्ष

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	अवसर सृजना गर्ने;	सशक्तिकरण गर्दै लगिनेछ।				
३	परम्परागत रुपमा चलि आएका हानीकारक सामाजिक मूल्य मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरि लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने।	३.१. गाउँपालिकाका जन प्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।	३.१.१ गाउँपालिकामा भएका घरेलु, लैङ्गिक, सामाजिक तथा अन्य विभिन्न कारणले हुने हिंसा, जोखिम वा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित महिलाहरुको समस्या तथा सवालहरुलाई सम्वोधन गर्न गाउँपालिका स्तरमा भएको न्यायीक समिति र प्रत्येक वडा वडामा गठन भएमो मेल मिलाप केन्द्रको प्रभावकारीता बृद्धि गर्न कम्तिमा ३ महिनामा एक पटक नियमित बैठक र आवश्यकता अनुसार थप बैठकहरु बस्ने	४४,०००	४४ पटक	न्यायीक समिति र वडा मेलमिलाप केन्द्रको बैठकको माईन्यूट तथा निर्णयहरु
			३.१.२ वडा मेलमिलाप केन्द्रको संयोजनमा वडा वडामा लैङ्गिक तथा सामाजिक न्याय प्रवर्धन गर्न मानव अधिकर, महिला अधिकार, दलितका अधिकार, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धमा सचेतनामूलक कानूनी साक्षारता कक्षाहरु संचालन गर्ने	४,००,०००	४ पटक	बार्षिक स्वीकृत कार्यक्रम, कानूनी साक्षारता कक्षाको हाजीरी र प्रतिवेदन
			३.१.३ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति उपसमिति, न्यायीक समित, वडा मेलमिलाप केन्द्र, जनप्रतिनिधिहरु, सेवा प्रदायकहरु र कर्मचारीहरुलाई लैससास सम्वन्धि क्षमता विकास तालिम संचालन गर्ने	४,००,०००	सवै वडाबाट सहभागीहरु छनौट गरि ४ वटा तालिम	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
		३.२ लक्षित वर्ग समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता	३.२.१ वडा वडामा लक्षित वर्गहरुको लागि लैङ्गिक कार्य सिकाई पद्दतीका विधिहरुबाट लैङ्गिक विश्लेषण गरि पारिवारिक योजना निर्माण गरि कार्यान्वयन गर्ने तालिम र नेतृत्व क्षमता विकास तालिमको आयोजना गर्ने	८,००,०००	कम्तिमा २ वडामा संचालन गर्ने	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
		समन्वय र सहजीकरण गरिने छ,	लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बाह्य स्रोत जुटाउनका लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट म्याचिङ्ग कोषको लागि बजेट छुट्याउने	१३,००,०००	गाउँपालिकाको निति तथा कार्यक्रम तयार गर्दा १ पटक गर्ने	स्वीकृत बार्षिक कार्यक्रम
		४.२ गाउँपालिकाबाट संचालित सबै कार्यक्रम तथा योजनाहरुलाई आयोजना चक्रको प्रत्येक चरण (समस्या विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा) मा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गरिने छ ।	गाउँपालिकाका विषयगत शाखा प्रमुख, अन्य कर्मचारीहरु, अनुगमन समितहरु र सूचना प्रविधि शाखाका कर्मचारिहरुलाई अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन लेखनमा लैससास दृष्टकोण सम्वन्धि तालिम दिने	२,००,०००	१ पटक	तालिमका सहभागिहरुको हाजिरी र तालिम प्रतिवेदन
			लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितिले वा समितिको निगरानीमा परामर्शदाता मार्फत प्रत्येक आ. व. को अन्त्यमा गाउँपालिकाबाट संचालन भएका विभिन्न कार्यक्रमहरु लैससासको दृष्टिकोणबाट अनुगमन गरि प्रतिवेदन तयार गर्ने	१,००,०००	१ पटक	अनुगमन प्रतिवेदन
			दोस्रो वर्ष (आ. व. २०८२/८३) को कूल जम्मा वजेट रु.	८९,०४,०००		

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	मूलप्रबाहिकरण गर्ने।	वातावारण सृजना गर्दै संस्थागत प्रणाली तथा संरचनाहरु र कार्यक्रमहरुमा लक्षित वर्गहरुको समावेशीकरण, अर्थपूर्ण सहभागिता, पँहुच र अवसरहरु सृजना गर्दै लगिनेछ।	१.२.२ गाउँपालिका मा कर्मचारी र सेवा ग्राही दुवैको लागि महिला तथा अपाङ्ग मैत्री शौचालय, स्तनपान कक्षको व्यवस्थापन गर्ने	आन्तरिक रुपमा व्यवस्थापन गर्ने	कम्तिमा १/१ वटा शौचालय र स्तनपानकक्ष	गाउँपालिका मा भएको शौचालय र स्तनपान कक्ष
			१.२.३ नगरपलिकाको नयाँ बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहल गर्ने (निर्माण सम्वन्धि हरेक संझौता गर्दा पहल गर्ने)		निर्माण संरचाना अनुसार	गाउँपालिका ले बनाएका डिजाईन ईष्टिमेट र भौतिक संरचना
			१.२.४ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितहरुको हरेक ३ महिनामा बैठक बस्ने, समिति सदस्यहरु विच जिम्मेवारी बाँडफाँड गर्ने र गाउँपालिका बाट संचालन भएका कामहरुको लैससासको दृष्टिकोणबाट समिक्षा तथा अनुगमन मुल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने	४४,०००	४४ पटक	बैठकका सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु
			१.२.५ जेष्ठ नागरिकमा भएको ज्ञान सिप र अनुभवहरु उजागर गरि सिकाई आदान प्रदान गर्न बाल बालिका, बयस्कहरु र जेष्ठ नागरिकहरु विच अन्तरकृया कार्यक्रम आयोजना गर्ने	१,००,०००	२ पटक	सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु
२	गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनि पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक	विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक	उद्यम सहजकर्ताहरुको परिचालन र सहभागी खाजा खर्च	५,००,०००	५ जना सहजकर्ता २०० सहभागी	सहजकर्ता र सहभागीहरुको हाजिरी, र प्रतिवेदन
			उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि साप्ताहिक तालिम कक्षाका सहभागीहरुले छनौट गरेको व्यवसाय संचालनका लागि गाउँपालिका बाट रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्था गर्ने,	८,००,०००	१०० जना सहभागीको लागि	स्वीकत बार्षिक कार्यक्रम

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने।		३.१.३ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति उपसमिति, न्यायीक समित, वडा मेलमिलाप केन्द्र, जनप्रतिनिधिहरु, सेवा प्रदायकहरु र कर्मचारीहरुलाई लैससास सम्वन्धि क्षमता विकास तालिम संचालन गर्ने	४,००,०००	सवै वडाबाट सहभागीहरु छनौट गरि ४ वटा तालिम	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
		३.२ लक्षित वर्ग समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक बिकास विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ ।	३.२.१ वडा वडामा लक्षित वर्गहरुको लागि लैङ्गिक कार्य सिकाई पद्दतीका विधिहरुबाट लैङ्गिक विश्लेषण गरि पारिवारिक योजना निर्माण गरि कार्यान्वयन गर्ने तालिम र नेतृत्व क्षमता विकास तालिमको आयोजना गर्ने	८,००,०००	कम्तिमा २ वडामा संचालन गर्ने	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
			३.२.२ वडा वडामा लैससासका लक्षित वर्गहरुको आयआर्जनमा सहयोग पुर्याउनका लागि विभिन्न उत्पादन तथा प्रशोधनसंग सम्वन्धित (कृषि तथा गैह्र कृषि) शीपमूलक तालिमहरु आयोजना गर्ने	१२,००,०००	८५ जना व्यक्ति	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
			३.२.३ तालिम प्राप्त सहभागीहरुलाई तालिम अनुसारको व्यवसाय संचालनका लागि बढिमा ५० प्रतिशत सम्म अनुदान सहयोग दिने	१८,००,०००	८५ जना व्यक्ति	अनुदानको लागि भएको संझौता, सहयोग बुझेको भर्पाई
			३.२.४ दलित र विपपन्न परिवारका बालिकाहरुको उच्च शिक्षाको लागि छात्रबृत्ति सहयोगको लागि गाउँपालिका को कार्य विधि अनुसार सहयोग दिने	९,००,०००	९ जना	
४	स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको	४.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी	लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि गाउँपालिका को आन्तरिक स्रोतबाट विनियोजन गर्न सकिने स्रोत साधनहरु र आवश्यक पर्ने बाह्य स्रोतको आँकलन गर्ने	०	१ पटक	गाउँपालिकाको बजेट विनियोजन तथा स्रोत आँकलन प्रतिवेदन

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
		दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गरिने छ ।	लैससासको दृष्टिकोणबाट अनुगमन गरि प्रतिवेदन तयार गर्ने			
			तेस्रो वर्ष (आ. व. २०८३/८४) को कूल जम्मा वजेट रु.	८९,४८,०००		
			तिन वर्षको कूल जम्मा बजेट रु.	२,५९,२५,०००		

अभिमुखिकरण गरिनेछ । स्थानीय स्तरमा लैससासको क्षेत्रमा काम गर्ने समुह, संस्था तथा व्यक्ति लाई असल कामको प्रबर्धन गर्न वार्षिक रुपमा प्रोत्साहन गरिनेछ ।

- लैगिंक हिंसा विरुद्धमा विधमान कानूनमा भएका व्यवस्थाहरु बारे प्रचार प्रसार तथा कानूनी सचेतना तालिम उपलव्ध गराईनेछ । विभिन्न संचारका माध्यममबाट लैगिंक हिंसा विरुद्ध लैससास शिक्षा तथा कानूनी सचेतानामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिनेछ ।
- स्थानीय तह तथा अन्तर वडास्तरमा लैससास सम्बन्धी भएका असल अभ्यासहरु तथा सिकाईहरु आदान प्रदान गरिनेछ । स्थानीय तहमा रहेका माध्यमिक तथा उच्च माध्यामिक तह कलेजहरुका शिक्षकहरुलाई लैससासको अवधारण बारेमा अभिमुखिकरण गरिनेछ साथै बाल शिक्षा वा आधारभूत विधालयका शिक्षकहरुलाई व्यक्तित्व विकासका तालिमहरुको व्यवस्था गरिनेछ ।
- समुदाय स्तरमानै वालक्लवको गठन गरी क्षमता अभिवृद्धि तालिम, बालअधिकार, बाल यौन, दुर्ब्यवहार, हिंसा तथा बाल दुर्ब्यसन सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । विधालयहरुमा समय समयमा विधार्थीहरुको स्वास्थ्य परिक्षण, खेलकुद तथा अतिरिक्त कृयाकलापहरु संचालन गरिनेछ ।
- वार्षिक रुपमा स्थानीय तहले लैससास प्रबर्धन गर्ने खाका शिक्षा, सूचना र संचारका सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिनेछ ।

तालिका ८: रणनीतिको कार्यान्वयनमा पालिकाको जिम्मेवारी र दायित्व

क.स.	प्रमुख क्रियाकलापहरु	जिम्मेवार निकाय	सहयोगी निकाय तथा सरोकारवालहरु	आर्थिक स्रोतको परिचालन	समय सिमा
१.	पालिकाको आवधिक योजना, पाश्र्वचित्र र अन्य नीति तथा कार्यविधिहरु बनाउने प्रकृयालाई लैससास संबेदंशील र उत्तरदायी बनाउने	पालिका	विषय विज्ञहरु	पालिका	नीति स्वीकृत भएको ४ महिना भित्र
२.	पालिकाको लैससासको खण्डिकृत तथ्याङ्कतयार गर्ने यसलाई नियमित अधावधिक गर्ने	महिला, बालबालिका तथा सामाजिक विकास शाखा, लैससास सम्पर्क व्यक्ति	विषय विज्ञहरु, लैससास क्षेत्रमा काम गर्ने संघ संस्थाहरु	पालिका	नीति स्वीकृत भएको २ महिना भित्र
३.	लैससासको विषयलाई अगुवाई गर्ने र सम्पक व्यक्तिको काम गर्न लैससासका श्रोत व्यक्तिहरु तथा लक्षित वर्गको पहिचान गरि क्षमता विकास तथा सशक्तिकरण गर्न	महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, सामाजिक शाखा तथा योजना शाखा	विषय विज्ञहरु	पालिका तथा संघ, प्रदेश	नीति स्वीकृत भएको १ महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास गर्ने

१२. रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था

लैससास रणनीतिमा उल्लेख भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने र संघ तथा प्रदेश सरकारले दिशा निर्देश गरेका नीति तथा निर्देशनलाई कार्यान्वयन गर्न र लैससासका सवालहरुलाई स्थानीय तहमा प्रभावकारी रुपमा अनुगमान तथा मुल्याकन गर्नु पर्दछ । फलस्वरुप रणनीतिको कार्यान्वयन गर्न देहाय बमोजिमको समितिहरु तथा काम कर्तव्यको व्यवस्था रहने छ।

१२.१. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति

रामप्रसादराई गाउँपालिकामा तपशील अनुसार संयोजक र सदस्य रहने गरी लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१.	अध्यक्ष	संयोजक
२.	उपाध्यक्ष	सदस्य
३.	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
४.	कार्यपालिकाको सदस्यहरु मध्येवाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका	३ जना सदस्य
५.	गैसस/ सामुदायिक संघ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका	३ जना सदस्य
६.	सम्वन्धित स्थानीय तहको महिला बालबालिका तथा ज्येष्ठ नगारिक शाखा प्रमुख (समाजिक विकास शाखा)	सदस्य सचिव

(समितिमा ७ देखि ९ जना सम्म बनाउने योजना र रणनीति)

१२.१.१ लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार

- लैससास नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतुत्वदायी भूमिका निर्वाह गर्न र अन्य निकाय तथा सरोकारवालसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।
- योजना तर्जुमा गर्दा लैससास उत्तरदायी बनाउन आवश्यक प्राविधिक सहयोग गर्ने ।
- स्थानीय तहमा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, निर्देशिका, आवधिक योजना रणनीतिक योजना, पाश्र्वचित्र लगाएत प्रकाशित हुने अन्य सबै लिखित दस्तावेजहरुलाई लैससासको विषयवस्तु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।
- लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यन्वयन भए नभएको अनुगमन गर्ने ।
- स्थानीयतह भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति मधेशी, मुस्लिम तथा अन्य आर्थिक, भौगलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएका समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

- स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग तथा लक्षित समुदायहरुलाई सहभागि गराउन नागरिक समाजसग समन्वयन र सहकार्य गर्ने ।
- वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतुत्वदायी भूमिका निभाईने ।
- वडा भित्रका महिला, बालबालिका लगाएत बन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने ।
- वडा कार्यलयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरु लैससास नीति समन्वय, सहजीकरण कायान्वयन, सुपरिवेक्षण तथा अनुगमान समितिलाई जानकारी गराउन आवश्यक समन्वय गर्ने ।
- लैङ्गिक हिंसा तथा घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा गुनासोहरुको संकलन दर्ता तथा व्यवस्थापन समन्वयको बारेमा जानकारी दिने र सचेत गराउने ।
- नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति अनुरुप लैङ्गिक तथा समाजिक समावेशिकरण कार्यविधी तयार गरी कार्यन्वयन गर्ने गराउने ।
- आवधिक, वार्षिक योजना तर्जुमा कार्यन्वयन बजेट बाँडफाँड खर्चको लेखाजोखा, अनुगमान तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरण मैत्रि भए नभएको विश्लेषण गर्ने सामाजिक समावेशिकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित पालिकालाई सुझाव दिने ।
- लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा निवारण गर्न आचारण संहिता बनाइ लागु गर्ने तथा यस्ता प्रकृतिका कुनै पनि हिंसा हुन नदिन सचेत गराउने ।
- लैससास मूलप्रवाहीकरण र यस नीतिको प्रभावकारी कार्यन्वयनको लागि सरोकारवाला र अधिकारमुखी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने र गराउने ।
- माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

यी माथि उल्लेखित कार्यहरु बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने स्तरिय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ । वडास्तरिय समितिको बैठक आवश्यकता अनुसार समितिको बैठक जुनसुकै बेलामा पनि बस्न सक्ने छ।

१३. जोखिम विश्लेषण

यस लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा केह जोखिम आउन सक्छ भन्ने कुरालाई मध्यनजर गरी रणनीति तयारी सम्वन्धि कार्यशालामा गरिएको जोखिम विश्लेषणबाट पहिचान भएका सम्भावित जोखिम र जोखिम न्यूनिकरणका उपाय तथा ध्यान दिनुपर्ने कुराहरु निम्न अनुसार उल्लेख गरिएको छः

तालिका ९: सम्भावित जोखिम तथा न्यूनिकरणका लागि ध्यान दिनुपर्ने कुराहरु

१५.१ सम्भावित जोखिम	१५.२ जोखिम न्यूनिकरणका लागि ध्यान दिनुपर्ने कुराहरु
• वडाहरुमा भौतिक विकासका क्रियाकलापलाई मात्रै विकास मान्ने प्रचलनले गर्दा लैससासका कार्यक्रमहरु कम प्रथमिकतामा परी न्यून बजेट विनियोजन हुने सम्भावना हुन सक्छ • लैससासका कृयाकलापहरुको प्राथमिकिकरण गर्न कार्यपालिकामा प्रतिनिधित्व गरेका महिला तथा दलित सदस्यहरुले सशक्त रुपमा आवाज उठाउन नसक्ने वा उठाए पनि त्यसको सुनुवाई नभई प्रभावकारी कार्यान्वयन नहुन सक्छ • जनप्रतिनिधिहरु, कर्मचारीहरु र सरोकारवाला निकायहरुमा लैससास सम्बन्धि साझा बुझाई नभएर यसको कार्यान्वयनमा अन्यौलता आउन सक्छ • गाउँपालिकामा स्रोत साधनको सिमिततालै कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था आउन सक्छ • रणनीति कार्यान्वयनमा संलग्न कर्मचारी, विभिन्न समितिहरु र संघ/संस्थाहरु विच प्रभावकारी रुपमा समन्वय तथा सहकार्य नहुन सक्छ ।	• पालिकाको बार्षिक नीति तथा कार्यक्रम बनाउनु भन्दा पहिले नै गाउँपालिकाका समग्र योजनाहरु, नीति तथा प्राथमिकताहरु र लैससास मूलप्रवाहीकरण रणनीतिको कार्ययोजनामा समेत छलफल गरी यसमा समावेश भएका क्रियाकलापहरुको प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने, • कार्यपालिका सदस्यहरु विशेष गरी महिला तथा दलित सदस्यहरुलाई विभिन्न तालिमहरु प्रदान गर्ने र जिम्मेवारी हस्तान्तरणको माध्यमबाट क्षमता विकास गरी सशक्त बनाउने, • गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु र लैससास कार्यान्वयन तथा अनुगमन समितिमा रहेका पदाधिकारीहरुलाई समय समयमा लैससास सम्वन्धि तालिम तथा अधिमुखिकरणको माध्यमबाट क्षमता अभिवृद्धि गरी साझा बुझाइ कायम गर्ने, • कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गरी आर्थिक तथा प्राविधिक सहयोग जुटाउन पहल गर्ने, • लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समितिको नियमित बैठक बस्ने र सम्वन्धित विभिन्न व्यक्ति वा निकायहरुसंग समन्वयको लागि जिम्मेवारी बाँडफाँड तथा नियमित प्रतिवेदनको व्यवस्था गर्ने

१६. अनुसुचिहरु

४	जोगेन्द्र राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
५	राज कुमार तामाङ	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	१	०	०	०	०
६	रामु थापा मगर	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	१	०	०	०	०
७	बाबु कुमार राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
८	जगत बहादुर चौहान	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
९	एकराज आचार्य	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
१०	मानकाजी राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०

१७	ज्ञानराज भट्टराई	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
१८	इन्द्रकुमार घिमिरे	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
१९	दाम ब. भट्टराई	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.	१	०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
२०	राजेन्द्र प्रसाद पौडेल	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०
२१	सुमन श्रेष्ठ	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	१	०	०	०	०	०
२२	भद्र बहादुर कार्की	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	१	०	०	०	०	१	०	०	०	०	०
२३	योगेन्द्र प्रसाद साह	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद		०	१	०	०	०	०	०	०	१	०	०	१	०	०	०	०	०

अनुसूची २

कार्यक्रम संचालन भएको मिति	कार्यक्रम संचालन भएको स्थान	जम्मा सहभागीहरु	सहभागी संख्या				अन्य LGBTI
			महिला जनप्रतिनिधि	पुरुष जनप्रतिनिधि	महिला कर्मचारी	पुरुष कर्मचारी	
२०८१/०१/१८	गाउँ कार्यपालिका को कार्यालय	२७	२	१२	१	१२	०

लैससासको स्थानीय तहको हकमा सबल पक्षहरु तथा सुधार गर्नुपर्ने पक्षहरु पनि बुँदागत रुपमा उल्लेख गर्नुहोस ।

१. कार्यशालाका सबल पक्षहरु

- कार्यशाला धेरै अन्तरक्रियात्मक भयो
- सहभागीहरुले तालिममा सिकेका कुराहरु पालना गर्ने र आगामी दिनहरुमा लैससास रणनीति २०८१ कार्यन्वयन मा ल्याउने प्रतिबद्धता गरे ।

सहभागीताहरु बाट प्राप्त प्रतिक्रिया तथा सुझाव

- स्थानीय तह को व्यस्ततालाई मध्यनजर गरि तालिम संचालन गर्ने ।
- कार्यक्रम मा वडा सचिवहरु लाइ पनि अनिवार्य सहभागी गराउने

आगामी दिनमा यहि प्रकृतिको कार्यक्रम हरु संचालन गर्दा सुधार गर्नुपर्ने पक्षहरु

- तालिमको अवधि बढाउने
- कार्यालयको व्यस्त समयमा यस्ता महत्वपुर्ण कार्यक्रम नराख्ने

अनुसूची ४

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी झापा

सहभागिहरुको उपस्थिति

कार्यक्रमको नाम: संघानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणनीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम

स्थान: रामप्रसादराई गाउँपालिका/नगरपालिका, ...

क्र. सं.	सहभागीको नाम	अनिवार्य भर्नु पर्ने			पद	कार्यालय	स्थायी ठेगाना	अनिवार्य भर्नु पर्ने		उपस्थिति	
		महिला	दलित	अपाङ्ग				ईमेल	मो. फोन नं	२०८१।०१।१८	२०८१।०१।१९
१	प्रतिमा राई				ले० पा० अध्यक्ष	रामप्रसादराई गा.पा.	रामप्रसादराई ५			प्रतिमा	
२	अशोक खबास				"		" - ४				
३	अन्दीरा राई				रोजगार संयोजक	रोजगार योजना रामदु	रामप्रसादराई गा.पा. वडा नं. ३ मुनवे	[illegible]386@gmail.com	9808390613		
४	रणबहादुर लाङ्घाई				सा.वि.वि. (प्रोजेक्ट)	रामप्रसादराई गा.पा.	वडा नं. ५ पुनर्वास	bhattarai [illegible] @gmail.com	9852073330		
५	इन्द्र कुमार थोकी				हेरचाहकर्ता	रामप्रसादराई गा.पा.	वडा नं. ५ गा.पा.	[illegible]	9808[illegible]		
६	दान ब० लाङ्घाई				शिक्षा प्रा.वि.	रामप्रसादराई गा.पा.	वडा नं. ३ मा.वि.	[illegible] .com	9852069056		

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी झापा

सहभागिहरुको उपस्थिति

कार्यक्रमको नाम: संघानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणनीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम

स्थान: रामप्रसादराई गाउँपालिका/नगरपालिका, ...झापा...

क्र. सं.	सहभागीको नाम	अनिवार्य भर्नु पर्ने			पद	कार्यालय	स्थायी ठेगाना	अनिवार्य भर्नु पर्ने		उपस्थिति	
		महिला	दलित	अपाङ्ग				ईमेल	मो. फोन नं	२०८१।०१।१८	२०८१।०१।१९
१	धाज बहादुर राई				अध्यक्ष	रामप्रसादराई गा.पा.	रामप्रसादराई गा.पा.				
२	विरेन्द्र राई				उपाध्यक्ष	"	रामप्रसादराई - ५				
३	सन्तोष पोखरेल				प्र० प्र० अ०	"			9808[illegible]		
४	राजकुमार लाङ्घाई				वडा अध्यक्ष वडा नं. २	वडा नं. २ कार्यालय	रामप्रसादराई गा.पा. - २				
५	राजन राई				का० पा० सदस्य	रामप्रसादराई गा.पा.	" - १				
६	सविता लाङ्घाई				"	"	" - ४				

DATE:

आज मिती २०८१ साल बैशाख १८ गतेका दिन रामप्रसाद राई गाउँपालिकाका अध्यक्ष श्री धाम बहादुर राई ज्यूको अध्यक्षतामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रदेश तथा स्थानिय सहयोगी कार्यक्रम कोशी प्रदेशबाट लैङ्गीक समानता, सामाजीक समावेशीकरण रणनितिक योजनाका लागी सह उदय ब्राइटफ्युचर ईन्टरनेशनलको सहजीकरणमा तपशिलको उपस्थितीमा सञ्चालन गरीयो।

उपस्थिती

१) गा.पा. अध्यक्ष श्री धाम बहादुर राई
२) गा.पा. उपाध्यक्ष श्री बिरेन्द्र राई
३) प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष पोखरेल
४) वडा अध्यक्ष वडा नं.- १ श्री जोगेन्द्र राई
५) " " " - २ श्री राजकुमार तामाङ
६) " " " - ३ श्री रामु थापामगर
७) " " " - ४ श्री भानु कुमार राई
८) " " " - ५ श्री जगत बहादुर चौहान
९) " " " - ६ श्री रुद्रराज आचार्य
१०) " " " - ७ श्री मनकाजी राई
११) " " " - ८ श्री बाच कुमार राई
१२) कार्यपालीका सदस्य श्री अजम राई
१३) " " श्री प्रतिमा राई
१४) " " श्री साबिना तामाङ
१५) " " श्री अशोक रववास
१६) ~~प्रशिक्षण~~ रोजगार संयोजक श्री मन्दीरा राई
१७) स.इ. श्री शाकराज भट्टराई
१८) लेखापाल श्री इन्द्रकुमार घिमिरे
१९) शिक्षा प्र.स. श्री दानब. भट्टराई
२०) ना.प्र.सं.प्र. श्री राजेन्द्र प्रसाद पौडेल
२१) ना.प्र.स. श्री सुमन श्रेष्ठ
२२) आ.स.सहजकर्ता श्री भद्र बहादुर काली
२३) सभा सचिव श्री ज्योति प्र.भट्ट

DATE:

२४. रोजगार संयोजक श्रीमन्दिरा राई

२५. कार्यपालिका सदस्य श्री सविता लामाज

२६. कार्यपालिका सदस्य श्री अजयराई अजयराई

२७. कृषि शाखा श्री चिरन कुमार ठाकुर

२८. पूर्वाधार विकास शाखा इं. बालिका रोशन कोत

२९. —"— —"— इं. इलियास सराज मुखिया

३०. रोजगार सेवा केन्द्र (रोजगार सहायक) पवनराई

अनुसूची ५

DATE:

आज मिति २०८१ साल जेष्ठ २६ गते रामप्रसादराई गाउँपालिका - का अध्यक्ष एवम् लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरण समन्वय समितीका संयोजक श्री धाम बहादुर राई ज्युको अध्यक्षतामा बैठक बसी रामप्रसादराई गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीति २०८१ को Bright future International ले तयार पारेको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम PLGP अन्तर्गतको मस्यौदा माथि निम्न उपस्थितिका साथ छलफल गरियो ।

1.) गा.पा अध्यक्ष श्री धाम बहादुर राई
2) गा.पा. उपाध्यक्ष श्री बिरेन्द्र राई
3) प्र.प्र. अधिकृत श्री सन्तोष पौडेल
4) वडा अध्यक्ष वडा नं.१ श्री जोगेन्द्र राई
5.) " २ श्री राजकुमार तामाङ
6.) " ३ श्री राजु थापामगर
7.) " ४ श्री बाबु कुमार राई
8.) " ५ श्री जगत बहादुर चौहान
9.) " ६ श्री एकराज आचार्य
10.) " ७ श्री मनकाजी राई
11) " ८ श्री बाच कुमार राई
12) ८ श्री सविना तामाङ
13) ३ श्री बिना बि.क.
14) ९ श्री अजम राई
15) श्री प्रतिमा राई
16) मिलन कि.क.
17)

DATE:

प्रस्तावहरु

१) लै.स.सा.स. समन्वय समिती गठन सम्बन्धमा ।
२) लै स सा स सम्बन्धी रणनितीसम्बन्धी छलफल सम्बन्धमा ।
३) लै स सा स को समस्या पहिचान गर्ने सम्बन्धमा ।
४) लै स सा स को रणनैतिक खाका तयार गर्ने सम्बन्धमा ।
५) वडास्तरीय लै स सा स उपसमिती गठन सम्बन्धमा ।

निर्णयहरु

१) प्रस्ताव नं.-१ माथी छलफल गर्दा गाउँपालीका स्तरीय लै.स.सा.स. समन्वय समिती तपशिलको कार्यसमितीमा निर्माण/गठन गर्ने निर्णय गरियो ।

तपशिल

१) गाउँपालीका अध्यक्ष श्री धाम बहादुर राई — संयोजक
२) गाउँपालीका उपाध्यक्ष श्री बिरेन्द्र राई — सदस्य
३) प्रमुख प्रशासकिय अधिकृत श्री सन्तोष पोखरेल — सदस्य
४) कार्यपालीका सदस्य श्री बिना वि.क. — सदस्य
५) कार्यपालीका सदस्य श्री सविता तामाङ — सदस्य
६) सामुदायीक संस्था प्रतिनिधी श्री अशोक खवास — सदस्य
७) सामाजीक विकास शाखा - श्री दान ब.कुइँर — सदस्य सचिव

२) प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस गाउँपालीकामा लै.स.सा.स सम्बन्धी समस्याहरुको खोजी तथा पहिचान गर्ने सर्वसम्मत ले पारित गरियो ।

३) प्रस्ताव नं. ३ माथी छलफल गर्दा लै.स.सा.स. को रणनितीहरु योजनाको खाका तयार गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालीकाका वडास्तरका लै.स.सा.स. उपसमिती गठन गर्ने निर्णय गरियो ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी ,झापा

सहभागिहरुको उपस्थिति

कार्यक्रमको नाम: संघानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैंगसास रणनीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम

स्थान: रामप्रसादराई गाउँपालिका/नगरपालिका, ...

क्र. सं.	सहभागीको नाम	अनिवार्य भर्ने पर्ने			पद	कार्यालय	स्थायी ठेगाना	अनिवार्य भर्ने पर्ने		उपस्थिति	
		बडापदाधिकारी	महिला	दलित				ईमेल	मो. फोन नं	२०८१०५।१८	२०८१०५।१९
१	राजेन्द्र प्रसाद पोखरेल				लाप.से.प्र.	रामप्रसादराई गा.पा.	जल्दी-१, झापा	rajendra.pokhrel.udel.193@gmail.com	९८४६६८८८		
२	सुमन थेवे				ना.प्र.से.	रामप्रसादराई गा.पा.	गो.ना.पा. ४ ढोंगा	suman.shrestha.2020@gmail.com	९८६२२५०६६३		
३	[illegible]				नगर सहजकर्ता	नगरकार्यपालिका	ढेलाडी ५ झापा	[illegible]5230@gmail.com	९८१९६५२२५२		
४	योगेन्द्र प्र. शर्मा				[illegible]	रामप्रसादराई गा.पा.	रापनी ७ ख ४ सल्ले		९८५२०४६४०		
५	शेष कुमार भुजेल				का.स.	रामप्रसादराई गा.पा.	रामप्रसादराई -२				
६	चित्र कुमार ठाकुर				कृषि सहायक	रामप्रसादराई गा.पा.	जल्दी-४ नोखर	[illegible]@gmail.com	९८६२४१४४३०		

अनुसूची ३







लैंगिक समानता तथा सामाजिक समावेशीकरणकका बिषयमा समुहगत छलफल

						राई गा.पा.																		
२४	धिरज कुमार ठाकुर	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	०	१	०	०	१	०	०	०	०	०
२५	जोशन कठेत	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	१	०	०	०	०	०
२६	सरोज श्रेष्ठ	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	१	०	०	०	०	०
२७	रबिन राई	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०

						राई गा.पा.																			
१ १	बाच कुमार राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
१ २	अजय राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.	७	०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
१ ३	प्रतिमा राई	महिला	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.	६	०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
१ ४	सबिना तामाङ	महिला	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
१ ५	अशोक खवास	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
१ ६	मन्दिरा राई	महिला	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०

अनुसूची १

रामप्रसाद राई गाउँपालिका - भोजपुर

सहभागिहरुको वृस्तृत विवरण

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

मितिः २०८१ बैशाख १८ गते

क्र.स	नाम	महिला/पुरुष /अन्य	सहभागीको कार्यालय को जानकारी					राज्यले निर्धारण गरेको क्षेत्रगत् बर्गिकरण				समुह/वर्ग							धर्म					
			संघिय/ प्रादेशिक /स्थानीय	कर्मचारी/जनप्रतिनिधि	जिल्ला	ठेगाना	वडा	हिमाली	पहाडी	तराई	अन्य	आदिबासी/ जनजाती	दलित	क्षेत्रिय	ब्राह्मिण	मधेशी	मुस्लिम	अन्य	हिन्दु	बौद्ध	किरौंत	मुस्लिम	क्रिच्चियन	अन्य
१	थाम बहादुर राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
२	बिरेन्द्र राई	पुरुष	स्थानीय	जनप्रतिनिधि	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०
३	सन्तोष पोखरेल	पुरुष	स्थानीय	कर्मचारी	भोजपुर	रामप्रसाद राई गा.पा.		०	१	०	०	०	०	०	१	०	०	०	१	०	०	०	०	०

१४. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु

- स्थानीय तहको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी भएको हुनेछ । लैससास अन्तर्गतका समुदायहरु सशक्तिकरण भई अधिकारको दावी गर्न सक्ने अवस्थामा पुगेका हुनेछन् ।
- स्थानीय तहको निर्णय प्रक्रियामा लैससास अन्तरर्गतका समुदायहरुको पहुँचमा बृद्धि भएको हुनेछ ।
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघ सस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि भई साझा बुझाई र कार्य शैली भएको स्थानीय तह हुनेछ । योजना तर्जुमा प्रक्रियामा महिला तथा पछाडि परेका वर्गको अर्थपूण सहभागिता सुनिश्चित भएको हुनेछ । योजना तर्जुमा कार्यन्वयन र अनुगमान तथा मुल्याङ्कन प्रक्रिया लैससास मैत्री हुनेछ ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा लैससास अन्तरगतका समुहहरुका अर्थपूर्ण सहभागिता गराई पछाडि परेका समुदायको सार्वजनिक स्रोत, साधान र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको सिर्जना तर्फ अग्रसर भएको हुनेछ ।
- आधारभूत र खण्डिकृत तथ्यांङ्क तयार भई सोही अनुसार लैससासका कार्ययोजनाहरु कार्यान्वयन हुनेछ ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्बन्धमा गरिएका अन्तराष्ट्रिय प्रतिवद्धता, संघिय र प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरुपको दायित्व पुरा भएको गाउँपालिका हुनेछ।

१५. विविध

१५.१ बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका मूलभूत सिद्धान्त र प्रावधानलाई प्रतिकूल असर नपर्ने गरी यस रामप्रसाद राई गाउँपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ।

१२.३. गुनासो व्यवस्थापन

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले गाउँ तथा वडा कार्यलयको कार्य क्षेत्रभित्र लैगिंक हिंसा घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा आफ्ना गुनासो तथा सुझावहरु भए निर्वाध रुपमा कानुन बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासोहरुको व्यवस्थापन गर्न स्थानीय तह तथा वडा कार्यलयमा कम्तीमा एकएक जना महिला तथा पुरुषलाई सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

क) गुनासोहरुको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु देहाय बमोजिम हुनेछ

- महिलाहरुको तर्फबाट
- पुरुषहरुको तर्फबाट

ख) सम्पर्क व्यक्तिहरुको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

- वडावासीहरुलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने
- वडामा विभिन्न माध्यमबाट आएका लैगिंक हिंसा, महिला हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी घटाहरुको दर्ता गरी अभिलेख राख्ने
- यस्ता गुनासोहरुको व्यवस्थापन तथा आवश्यक कारवाहिको लागि वडा कार्यलय र लैससास समितिलाई जानकारी गराउने । वडा कार्यालय र लैससास समितिसंग सहकार्य गरी हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासोहरुको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसके पछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासोहरुको उपयुक्त (सम्मान, संबेदनशीलता, पारदर्शी र समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने । आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने
- सम्बोधन भएका गुनासोहरुको अनुगमान गरी प्रभावकारीताको लागि सुनिश्चिता गर्ने ।

ग) सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुको वडा कार्यलयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासो तथा सुझावहरु निम्न उल्लेखित तरिकाबाट राख्न सक्नेछन् ।

- आफ्ना गुनासो वडा कार्यलयबाट उपलव्ध गराईएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्नेछन् ।
- स्थानीय तह कार्यलयमा स्वयं उपस्थित भई वा सम्बन्धित कर्मचारीहरु मार्फत राख्न सक्दछन् ।

- संघ तथा प्रदेश सरकारबाट भएका ऐन, नीति रणनीति, योजना तथा कार्यक्रम कार्यन्वयन गर्न सहयोग गर्ने गराउने । लैससास रणनीतिअनुरुप लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतुत्वदायी भूमिका निभाउने । लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने गराउने ।
- योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा लैससास अन्तर्गतका समुहरुको अर्थपूण सहभागिता गराउन र कार्यक्रमलाई समावेशी र लैससास मैत्री बनाउन नेतुत्वदायी भूमिका निभाउने
- सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा निवारण गर्न आचारण संहिता बनाइ लागु गर्ने तथा यस्ता प्रकृतिका कुने पनि हिंसा हुन नदिन सचेत गराउने ।
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

१२.२. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन उपसमिति वडास्तरमा

लिखुपिके गाउँपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छन ।

१.	सम्वन्धित वडाको वडा अध्यक्ष	संयोजक
२.	सम्वन्धित वडाका वडा सदस्यहरु	सदस्य
३.	सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनीत गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः – सदस्य	सदस्य
४.	वडास्तरीय बाल सञ्जालको अध्यक्ष	सदस्य
५.	वडा सचिव	सदस्य सचिव

(जम्मा ५ देखि ७ जना राख्ने व्यवस्था गरिएको छ)

१२.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार

- स्थानीय तहको लैससास समन्वय समितिले गरेका कार्यहरु (ऐन, कानून, नीति, आवाधिक योजना, पाश्र्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तवेजहरु) समुदाय तथा नागरिकसमाजसँग छलफल गरि लैसासको विषयवस्तुको समावेश गरी मुल प्रवाहिकरण गर्न सहयोग गर्ने
- वडास्तरमा खण्डिकृत तथ्याङ्क व्यवस्थापन गर्न र समायानुकल अधावधिक गर्न प्राविधिक सहयोग गर्ने ।

	विभिन्न तालिम र प्रशिक्षणको व्यवस्था गर्दे जाने				
४.	पालिकाका सबै वडासँग नियमित समन्वय र सहकार्य गर्ने , नीतिको प्रभावकारिता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार	सामाजिक विकास शाखा तथा योजना शाखा, गाऊँपालिका	मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु	संघ प्रदेश र स्थानीय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरु, निजी क्षेत्रबाट प्राप्त बजेटलाई समेत परिचालन गरिनेछ	नीति स्वीकृत भएको १ महिना भित्र त्यसपछि निरन्तररुपमा वर्षभरि
५.	स्थानीय तहको सदस्यहरु र कर्मचारीहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा, कार्यन्वयन र परिक्षण साथै लेखाजोखा सम्बन्धी अभिमुखिकरण	महिला तथा बालबालिका शाखा तथा सामाजिक शाखा, लैससास सम्पर्क व्यक्ति	विषय विज्ञहरु	नगरपालिका	नीति स्वीकृति भएको २ महिना भित्र
६.	प्रत्येक ३/३ वर्षमा विधमान ऐन कानुन, नीति, मापदण्ड, कार्यविधि तथा लैससास रणनीतिको पुनरावलोकन गर्ने र समसमायिक रुपमा परिमार्जन तथा संसोधन गर्ने	गाऊँ कार्यपालिका	मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय बिज्ञहरु	संघ, प्रदेश र स्थानीय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, निजि क्षेत्रकाट प्राप्त बजेतलाई समेत परिचालन गरिने छ ।	रणनीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर वर्षभरी

९. बित्त व्यवस्थापन

बजेटको सुनिश्चतता विना कुनै योजना बनाएर मात्र पुरा हुदैन त्यसैले उल्लेखित रणनैतिक क्रियाकलापहरु सञ्चालन गर्नको लागि बजेट पहिलो शर्त हुन आउँछ। यस गाउँपालिकाको लैससास रणनैतिक कृयाकलापहरु आगामी ३ वर्षमा संचालन गर्नाका लागि कूल रु. २,५९,२५,०००/- (दुई करोड उनान्साठी लाख पच्चीस हजार) आवश्यक पर्ने अनुमान गरिएको छ ।लैससास सम्वन्धि कृयाकलापहरुको अलावा गाउँपालिकामा संचालन हुने सवै विकास क्रियाकलापहरुको उत्तिकै महत्व छ ।

लैससास समावेशी बजेट निर्माण गरिएको छ तर विनियोजित बजेट को प्रवाभकारी कार्यन्वयन हुन सकेको छैन । लक्षित वर्गको उपस्थितिमा आवधिक योजना र रणनीति बनाई कार्यन्वयन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ । लक्षितवर्गको लागि विनियोजित बजेट प्रवाभकारी गर्न अभिमुखीकरण गर्ने सोच रहेको छ । अपाङ्गता भएका व्यक्ति लगाएत सबै वर्गलाई प्रतिनिधित्व गरि बजेट बिनियोजन गर्ने योजना छ ।

१०. कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनार्य लागु गर्नु पर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाऊँदा लैगिंक तथा सामाजिक समावेशिकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनि उल्लेख गरेको छ। लैगिंक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैगिंक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दे कार्यक्रम नीति, रणनीति तथा कार्यनीतिको लागि संघिय तथा स्थानिय ऐन कानुन बमोजिम गरिनेछ ।

१०.१. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मुल्याङ्कन गरी पाँच पाँच वर्षमा नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गर्दै लैजाने ।

१०.२. खारेजी तथा बचाऊ

यस रणनीतिमा उल्लेखित कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानून बमोजिम नै हुनेछ ।

११. रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दयित्व

कार्यनीति

- लैगिंक हिंसा, घरेलू हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीति लगायतका परम्परागत हानिकारक मुल्य मान्यता र व्यवहारका विषयमा सम्बन्धित समुदाय, जनप्रतिनिधि र स्थानिय संघ सस्थालाई

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने	कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयास व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्य, समन्वय र सहजीकरण गरिने छ,	आवश्यक पर्ने बाह्य स्रोतको आँकलन अनुसार बजेट व्यवस्थापनका लागि सम्वन्धित विभिन्न सरकारी एवं गैह्र सरकारी निकाय र दातृ निकायहरुसंग साझेदारी / सहकार्यको लागि अन्तर्क्रिया तथा समन्वय गोष्ठीको आयोजना गर्ने	२,००,०००	१ पटक	गोष्ठिका सहभागीहरुको हाजिरी तथा गोष्ठी संचालनको प्रतिवेदन
			आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरु को प्रयास व्यवस्था गर्न सम्वन्धित संघीय, प्रादेशिक मंत्रालयहरु र अन्य बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्यका लागि फोन सम्पर्क, पत्राचार र स्थलगत भेटघाट मार्फत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोगको लागि प्रस्ताव गर्ने	०	कम्तिमा १ पटक र आवश्यकता अनुसारपटक पटक गर्ने	पत्राचार गरिएको चिठ्ठीको प्रतिलिपि, स्थलगत भेटघाटको प्रतिवेदन, सहयोगको लागि भएको संझौता वा प्रतिवद्धता पत्र र सहयोग भएको रकम वा मानवीय शंसाधन
			लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बाह्य स्रोत जुटाउनका लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट म्याचिङ्ग कोषको लागि बजेट छुट्याउने	१२,००,०००	गाउँपालिका को निति तथा कार्यक्रम तयार गर्दा १ पटक गर्ने	स्वीकृत बार्षिक कार्यक्रम
		४.२ गाउँपालिकाबाट संचालित सबै कार्यक्रम तथा योजनाहरुलाई आयोजना चक्रको प्रत्येक चरण (समस्या विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा) मा लैससास	गाउँपालिकाका विषयगत शाखा प्रमुख, अन्य कर्मचारीहरु, अनुगमन समितहरु र सूचना प्रविधि शाखाका कर्मचारिहरुलाई अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन लेखनमा लैससास दृष्टकोण सम्वन्धि तालिम दिने	२,००,०००	१ पटक	तालिमका सहभागिहरुको हाजिरी र तालिम प्रतिवेदन
			लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितिले वा समितिको निगरानीमा परामर्शदाता मार्फत प्रत्येक आ. व. को अन्त्यमा गाउँपालिकाबाट संचालन भएका विभिन्न कार्यक्रमहरु	१,००,०००	१ पटक	अनुगमन प्रतिवेदन

क.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको अवसर सृजना गर्ने;	आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिनेछ।	उद्यमीहरुलाई आवश्यक ऋणको लागि बैङ्क तथा वित्तीय संस्थाहरुसंग समन्वय गराउने।	०	५० जना	उद्यम सहजकर्ताको प्रतिवेदन र ऋण लिएका उद्यमीहरुनाम
३	परम्परागत रुपमा चलि आएका हानीकारक सामाजिक मूल्य मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरि लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार	३.१.गाउँपालिकाका जन प्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।	३.१.१ गाउँपालिकामा भएका घरेलु, लैङ्गिक, सामाजिक तथा अन्य विभिन्न कारणले हुने हिंसा, जोखिम वा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित महिलाहरुको समस्या तथा सवालहरुलाई सम्वोधन गर्न गाउँपालिका स्तरमा भएको न्यायीक समिति र प्रत्येक वडा वडामा गठन भएमो मेल मिलाप केन्द्रको प्रभावकारीता बृद्धि गर्न कम्तिमा ३ महिनामा एक पटक नियमित बैठक र आवश्यकता अनुसार थप बैठकहरु बस्ने	४४,०००	४४ पटक	न्यायीक समिति र वडा मेलमिलाप केन्द्रको बैठकको माईन्यूट तथा निर्णयहरु
			३.१.२ वडा मेलमिलाप केन्द्रको संयोजनमा वडा वडामा लैङ्गिक तथा सामाजिक न्याय प्रवर्धन गर्न मानव अधिकर, महिला अधिकार, दलितका अधिकार, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धमा सचेतनामूलक कानूनी साक्षारता कक्षाहरु संचालन गर्ने	४,००,०००	४ पटक	बार्षिक स्वीकृत कार्यक्रम, कानूनी साक्षारता कक्षाको हाजीरी र प्रतिवेदन

तालिका ७: तेस्रो वर्ष (आ.व. २०८३/८४) को रणनितिक कृयाकलापहरु र कार्ययोजना

क.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
१	लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिका को संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समुहहरुको समावेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास	१.१ लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरि मुलप्रवाहिकरण गरिनेछ।	१.१.१ वडागत रुपमा लैससासका लक्षित वर्ग हरुको समस्या सम्वोधन गर्न, उनीहरुको आवाजको सुनुवाई हुने वातावरण बनाउन र श्रोत साधनमा पहुँच बृद्धिका लागि महिला, दलित, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, जनजाती, अल्पसख्यकहरु को सवालमा आधारित छुट्टाछुट्टै समूह/सञ्जालहरु गठन गर्ने	६००००	२४ समूह	समूह/सञ्जाल दर्ता भएको रेकर्ड
			१.१.२ लैससास सम्वन्धि सवालहरुलाई सम्वोधन गर्ने गरि गाउँपालिका को बार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने	0	१ पटक	बार्षिक कार्यक्रम तथा बजेट
			१.१.३ गाउँपालिका बाट गठन गर्ने हरेक समूह तथा समितिहरु लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार गठन गर्ने र सामाजिक समावेशी समिति गठन भएको सुनिश्चतता गर्ने	0	आवश्यकता अनुसार	पलिकाको विभन्न समितिहरुको रेकर्ड
			१.१.६ गाउँपालिका को बार्षिक कार्यक्रम कार्यन्वयनको चरणमा लक्षित वर्गको समावेशीता भए नभएको र उनीहरुलाई फाईदा पुगे नपुगेको सुनिश्चतता गर्ने	0	आवश्यकता अनुसार	गाउँपालिका को प्रगति प्रतिवेदन र अनुगमन प्रतिवेदनहरु
			१.१.७ लैससास मूलप्रवाहीकरण रणनीतिको आवधिक समिक्षा तथा पुनरावलोकन गरी समय सापेक्ष परिवर्तन र आगामी ५ वर्षको कार्ययोजना तयारी गर्ने	२,००,०००	१ पटक	लैससास रणनीति समिक्षाको प्रतिवेदन, अद्यावधिक रणनीति र कार्ययोजना
		१.२ लैससास बजेट तर्जुमा र परीक्षण, लैससास मैत्री संस्कृति र कार्य	१.२.१ गाउँपालिका को कार्यक्रमको बार्षिक रुपमा लैससास बजेट कोडिङ्ग गरि विश्लेषण गर्ने र लैससास परिक्षण गरि देखिएका कमजोरीहरु हटाउन कार्ययोजना तयारी गर्ने	२,००,०००	१ पटक	सुधारगर्नुपर्ने पक्ष सहितको लैससास परीक्षण प्रतिवेदन

क्र. स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
		अभिवृद्धि गरी आर्थिक तथा सामाजिक बिकास विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ ।	३.२.२ वडा वडामा लैससासका लक्षित वर्गहरुको आयआर्जनमा सहयोग पुर्याउनका लागि विभिन्न उत्पादन तथा प्रशोधनसंग सम्वन्धित (कृषि तथा गैह्र कृषि) शीपमूलक तालिमहरु आयोजना गर्ने	१३,००,०००	१०० जना व्यक्ति	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
			३.२.३ तालिम प्राप्त सहभागीहरुलाई तालिम अनुसारको व्यवसाय संचालनका लागि बढिमा ५० प्रतिशत सम्म अनुदान सहयोग दिने	१७,००,०००	१०० जना व्यक्ति	अनुदानको लागि भएको संझौता, सहयोग बुझेको भर्पाई
			३.२.४ दलित र विपपन्न परिवारका बालिकाहरुको उच्च शिक्षाको लागि छात्रबृत्ति सहयोगको लागि गाउँपालिकाको कार्य विधि अनुसार सहयोग दिने	८,००,०००	१० जना	
४	स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने	४.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयास व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्य,	लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट विनियोजन गर्न सकिने स्रोत साधनहरु र आवश्यक पर्ने बाह्य स्रोतको आँकलन गर्ने	०	१ पटक	गाउँपालिकाको बजेट विनियोजन तथा स्रोत आँकलन प्रतिवेदन
			आवश्यक पर्ने बाह्य स्रोतको आँकलन अनुसार बजेट व्यवस्थापनका लागि सम्वन्धित विभिन्न सरकारी एवं गैह्र सरकारी निकाय र दातृ निकायहरुसंग साझेदारी / सहकार्यको लागि अन्तर्क्रिया तथा समन्वय गोष्ठीको आयोजना गर्ने	२,००,०००	१ पटक	गोष्ठिका सहभागीहरुको हाजिरी तथा गोष्ठी संचालनको प्रतिवेदन
			आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरु को प्रयास व्यवस्था गर्न सम्वन्धित संघीय, प्रादेशिक मंत्रालयहरु र अन्य बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्यका लागि फोन सम्पर्क, पत्राचार र स्थलगत भेटघाट मार्फत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोगको लागि प्रस्ताव गर्ने	०	कम्तिमा १ पटक र आवश्यकता अनुसारपटक पटक गर्ने	पत्राचार गरिएको चिठ्ठीको प्रतिलिपि, स्थलगत भेटघाटको प्रतिवेदन, सहयोगको लागि भएको संझौता वा प्रतिवद्धता पत्र र सहयोग भएको रकम वा मानवीय शंसाधन

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	आ. व.	प्रगति मापनका सूचकहरु
	मूलप्रबाहिकरण गर्ने।	कार्यक्रमहरुमा लक्षित वर्गहरुको समावेशीकरण, अर्थपूर्ण सहभागिता, पँहुच र अवसरहरु सृजना गर्दै लगिनेछ।	१.२.३ गाउँपालिकाको नयाँ बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहल गर्ने (निर्माण सम्वन्धि हरेक संझौता गर्दा पहल गर्ने)		निर्माण संरचाना अनुसार	गाउँपालिकाले बनाएका डिजाईन ईष्टिमेट र भौतिक संरचना
			१.२.४ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितहरुको हरेक ३ महिनामा बैठक बस्ने, समिति सदस्यहरु विच जिम्मेवारी बाँडफाँड गर्ने र गाउँपालिकाबाट संचालन भएका कामहरुको लैससासको दृष्टिकोणबाट समिक्षा तथा अनुगमन मुल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने	४४,०००	४४ पटक	बैठकका सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु
			१.२.५ जेष्ठ नागरिकमा भएको ज्ञान सिप र अनुभवहरु उजागर गरि सिकाई आदान प्रदान गर्न बाल बालिका, बयस्कहरु र जेष्ठ नागरिकहरु विच अन्तरकृया कार्यक्रम आयोजना गर्ने	१,००,०००	२ पटक	सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु
२	गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनि पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको	विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक	उद्यम सहजकर्ताहरुको परिचालन र सहभागी खाजा खर्च	५,००,०००	५ जना सहजकर्ता २०० सहभागी	सहजकर्ता र सहभागीहरुको हाजिरी, र प्रतिवेदन
			उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि साप्ताहिक तालिम कक्षाका सहभागीहरुले छनौट गरेको व्यवसाय संचालनका लागि गाउँपालिकाबाट रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्था गर्ने,	८,००,०००	१०० जना सहभागीको लागि	स्वीकत बार्षिक कार्यक्रम
			उद्यमीहरुलाई आवश्यक ऋणको लागि बैङ्क तथा वित्तीय संस्थाहरुसंग समन्वय गराउने।	०	५० जना	उद्यम सहजकर्ताको प्रतिवेदन र ऋण लिएका उद्यमीहरुनाम

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
		निकायहरुसंग साझेदारी / सहकार्य, समन्वय र सहजीकरण गरिने छ,	४.१.४ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बाह्य स्रोत जुटाउनका लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट म्याचिङ्ग कोषको लागि बजेट छुट्याउने	१,००,०००		स्वीकृत बार्षिक कार्यक्रम
		४.२ गाउँपालिकाबाट संचालित सबै कार्यक्रम तथा योजनाहरुलाई आयोजना चक्रको प्रत्येक चरण (समस्या विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा) मा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गरिने छ ।	४.२.१ गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा लैससासको दृष्टिकोणबाट सूचकहरु समावेश गरि गाउँपालिकाको बार्षिक, आवधिक र अनुगमन मूल्यङ्कन प्रतिवेदनहरुमा लैससास खण्डिकृत तथ्याङ्क सहितको प्रतिवेदन बनाउने प्रकृयालाई संस्थागत गर्ने	०	कम्तिमा १ पटक र आवश्यकता अनुसार पटक पटक गर्ने	गाउँपालिकाको अनुगमन प्रतिवेदनहरु
			४.२.२ गाउँपालिकाका विषयगत शाखा प्रमुख, अन्य कर्मचारीहरु, अनुगमन समितिहरु र सूचना प्रविधि शाखाका कर्मचारिहरुलाई अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन लेखनमा लैससास दृष्टकोण सम्वन्धि तालिम दिने	३,००,०००	१ पटक	तालिमका सहभागिहरुको हाजिरी र तालिम प्रतिवेदन
			४.२.३ गाउँपालिकासंगको प्रत्यक्ष साझेदारीमा संचालित हरेक कार्यक्रमका सेवा प्रदायक संघसंस्थाहरुलाई लैङ्गिक खण्डिकृत तथ्याङ्क सहितको प्रगति प्रतिवेदन बुझाउन अनिवार्य गर्ने र प्रतिवेदनको खाका तयार गरि गाउँपालिकाको वेवसाईटमा राख्ने		१ पटक	सेवा प्रदायकहरुसंग गरेको संझौता, उनीहरुको प्रतिवेदन र गाउँपालिकाको वेवसाईटमा भएको प्रतिवेदनको खाका
			४.२.४ लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितिले वा समितिको निगरानीमा परामर्शदाता मार्फत प्रत्येक आ. व. को अन्त्यमा गाउँपालिकाबाट संचालन भएका विभिन्न कार्यक्रमहरु लैससासको दृष्टिकोणबाट अनुगमन गरि प्रतिवेदन तयार गर्ने	१,००,०००	आ.व.मा १ पटक	अनुगमन प्रतिवेदन
			पहिलो वर्ष (आ. व. २०८१/ ८२) को कूल जम्मा बजेट रु.	**८०,७३,०००**		

क्र. स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
	कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरि लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने।	सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ।	पटक नियमित बैठक र आवश्यकता अनुसार थप बैठकहरु बस्ने			
			३.१.२ सबै वडामा वडा मेलमिलाप केन्द्रको काममा एकरुपता ल्याउनको लागि उक्त केन्द्रको काम कर्तव्य अधिकार सहितको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने	२५,०००	१ पटक	तयार भएको कार्यविधि
			३.१.३ वडा मेलमिलाप केन्द्रको संयोजनमा वडा वडामा लैङ्गिक तथा सामाजिक न्याय प्रवर्धन गर्न मानव अधिकर, महिला अधिकार, दलितका अधिकार, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धमा सचेतनामूलक कानूनी साक्षारता कक्षाहरु संचालन गर्ने	२,००,०००	सबै वडाबाट सहभागीहरु छनौट गरि ४ वटा तालिम	बार्षिक स्वीकृत कार्यक्रम, कानूनी साक्षारता कक्षाको हाजीरी र प्रतिवेदन
			३.१.४ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति उपसमिति, न्यायीक समित, वडा मेलमिलाप केन्द्र, जनप्रतिनिधिहरु, सेवा प्रदायकहरु र कर्मचारीहरुलाई लैससास सम्वन्धि क्षमता विकास तालिम संचालन गर्ने	२,००,०००	१ पटक	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
			३.१.५ हिंसा पिडित व्यक्तिहरुको तत्काल उद्धार गरि पिडितलाई संरक्षण गर्नुपर्ने अवस्थामा उद्धार गरि संरक्षण गर्नका लागि पुनर्स्थापना केन्द्र तथा बाल सुधार गृहको स्थापना गर्नका लागि विभिन्न सरकारी तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय गरी स्थापना गर्न पहल गर्ने	२,००,०००	१ पटक	समन्वय गोष्ठीका सहभागीहरुको हाजिरी, कार्ययोजना सम्वन्धि निर्णय र गोष्ठीको प्रतिवेदन
		३.२ लक्षित वर्ग समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक बिकास	३.२.१ वडा वडामा लक्षित वर्गहरुको लागि लैङ्गिक कार्य सिकाई पद्दतीका विधिहरुबाट लैङ्गिक विश्लेषण गरि पारिवारिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र नेतृत्व क्षमता विकास तालिमको आयोजना गर्ने	८,००,०००	कम्तिमा २ वडाबाट शुरुवात गर्ने	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन
			३.२.२ वडा वडामा लैससासका लक्षित वर्गहरुको आयआर्जनमा सहयोग पुर्याउनका लागि विभिन्न उत्पादन तथा	१७,००,०००	८५ जना लक्षित वर्गका महिला	तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन

क्र.स.	उद्देश्य	रणनीति	रणनैतिक कृयाकलाप	लागत अनुमान	इकाई/संख्या	प्रगति मापनका सूचकहरु
	गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास मूलप्रबाहिकरण गर्ने।		१.१.५ गाउँपालिकाबाट गठन गर्ने हरेक समूह तथा समितिहरु लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार गठन गर्ने र सामाजिक समावेशी समिति गठनको सुनिश्चतता गर्ने	0	आवश्यकता अनुसार	पलिकाको विभिन्न समितिहरुको रेकर्ड
			१.१.६ गाउँपालिकाको कार्यक्रमको बार्षिक रुपमा लैससास बजेट कोडिङ्ग गरि विश्लेषण गर्ने र लैससास परिक्षण गरि देखिएका कमजोरीहरु हटाउन कार्ययोजना तयारी गर्ने	२,००,०००	१ पटक	लैङ्गिक तथा समाजिक समावेशी बजेट विश्लेषण र सुधार गर्नुपर्ने पक्ष सहितको लैससास परीक्षण प्रतिवेदन
			१.१.७ गाउँपालिकामा कर्मचारी र सेवा ग्राही दुवैको लागि महिला तथा अपाङ्ग मैत्री शौचालय, स्तनपान कक्षको व्यवस्थापन गर्ने	आन्तरिक व्यवस्थापन	कम्तिमा १/१ वटा शौचालय र स्तनपान कक्ष	गाउँपालिकामा भएको शौचालय र स्तनपान कक्ष
			१.१.८ गाउँपालिकाको नयाँ बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहल गर्ने (निर्माण व्यवसायीसंगको संझौता गर्दा देखि नै पहल गर्ने)		आ.व. मा संझौता हुने सबै भौतिक संरचनाहरुमा	गाउँपालिकाले बनाएका डिजाईन ईष्टिमेट र भौतिक संरचना
			१.१.९ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितहरुको हरेक ३ महिनामा बैठक बस्ने, समिति सदस्यहरु विच जिम्मेवारी बाँडफाँड गर्ने र गाउँपालिकाबाट संचालन भएका कामहरुको लैससासको दृष्टिकोणबाट समिक्षा तथा अनुगमन मुल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने	४४,०००	४४ पटक (गाउँपालिकामा ४ बैठक र वडाहरुमा ४० बैठक)	बैठकका सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु
			१.१.५ जेष्ठ नागरिकमा भएको ज्ञान सिप र अनुभवहरु उजागर गरि सिकाई आदान प्रदान गर्न बाल बालिका, बयस्कहरु र जेष्ठ नागरिकहरु विच अन्तरकृया कार्यक्रम आयोजना गर्ने	१,००,०००	२ पटक	सहभागीहरुको हाजिरी तथा निर्णयहरु

प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्य, समन्वय र सहजीकरण गरिने छ,

७.५ अनुगमन तथा मूल्यांकन

- यस गाउँपालिकाबाट संचालित सबै कार्यक्रम तथा योजनाहरुलाई आयोजना चक्रको प्रत्येक चरण (समस्या विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा) मा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गरिने छ ।

३. दिर्घकालीन सोच

लैससास सम्बन्धि सामाजिक तथा संस्कृतिक रुपमा बिधमान मूल्य, मान्यता, प्रथा संस्कार र व्यवहारमा परिवर्तन गर्दै विकास प्रक्रियामा महिला पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक, सामाजिक, राजनैतिक, र सार्वजनिक जीवनमा सशक्तिकरण गर्न लैंगिक मैत्री, समावेशी समानुपातिक र समतामुलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

४. धेय

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिसालाई निरुत्साहित गर्दै आर्थिक सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनी तथा ब्यबहारिक रुपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने ।

५. लक्ष्य

आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनि तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समूह तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने ।

६. उद्धेश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको उद्देश्य लैससास अवधारणा अनुसार स्थानीय तहले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धिको समतामूलक वितरण उपयोगी बनाउने रहेको छ । यसका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

- महिला, अपाङ्गता, सिमान्तकृत, अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिकाको तथा आर्थिक रुपमा विपन्न वर्गलाई सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था सँगै आर्थिक समृद्धि र दिगो विकासको लागि लक्षित समुदायको समाज अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधान अवसर तथा लाभममा सबैको समान पहुँच सुनिश्चित गर्न ।
- लैंगिक भेद्भाव, हिंसा र शोषणको अन्त्य गरी समानता सामाजिक समावेशीकरण र लैंगिक मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुप दायित्व पुरा गर्ने

	• महिलामैत्री कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु
दलित	• समाजमा छुवाछुत तथा विभेदपूर्ण व्यवहार विद्यमान रहनु र छुवाछुत उन्मूलनको कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु • दलित सशक्तिकरण कार्यक्रम संचालनका लागि बजेट विनियोजन हुन नसक्नु
आदिवासी जनजाति	• ग्रामीण भेगमा महिला पुरुष र छोरा छोरीमा भेदभाव रहनु • कतिपयमा शिक्षा भएर पनि आत्मवलको कमी भएको • आदिवासी जनजातीहरुका परम्परागत ज्ञान सिपको संरक्षणको अभाव
अपाङ्गता भएका व्यक्ति	• अपाङ्गता भएका बालबालिकाहरुले सहज रुपमा शिक्षा पाउन नसक्नु • समान अवसरबाट बञ्चित साथै सार्वजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु • अपहेलना, मानसिक यातना, अपमानजनक व्यबहार तथा यौनजन्य दुर्व्यवहारको शिकार हुनु • कुनैपनि विकास क्रियाकलापमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता नहुनु
बालबालिका	• आर्थिक समस्या र शिक्षाको कमीले अझै पनि बालबालिकाहरु सडकमा रहेका • बालमैत्री तथा सचेतनामूलक क्रियाकलापहरु संचालन नहुनु र बाल सहभागिताको अभाव • सम्वन्ध विच्छेद भएका आमाबावुका छोराछोरीहरु मानसिक रुपमा विछिप्त हुनु • बाबुआमाका घरायसी झगडाले बालबालिकाको मानसिकतामा नकारात्मक असर पर्नु • आर्थिक रुपमा विपन्न परिवारका बालालिकाहरु अझैपनि शिक्षाबाट बञ्चित भएको • प्रविधि तथा सामाजिक संजालको दुरुपयोग • लागु औषध प्रयोगमा बालबालिकाको संख्या बढदै जानु
जेष्ठ नागरिक	• केहि परिवारमा बृद्ध अवस्था हुदै गएपछि रेखदेखको कमी • केहि परिवारमा औषधि उपचार तथा सम्मानपूर्ण व्यवहारको अभाव • केहि परिवारमा सामाजिक सुरक्षा भत्ता पनि परिवारका अन्य सदस्यले निकालेर बृद्ध बृद्धालाई नदिएको अवस्था
पुरुष	• बैदेशिक रोजगारीका कारण पुरुषहरु माथी पनि हिंसाका घटनाहरु बढ्दै जानु • कतिपय अवस्थामा महिलाहरुले पनि आफूले पाएको अधिकारको दुरुपयोग गर्ने गरेको • बढि महत्वाकांक्षी भई आर्थिक मामलालाई मात्र प्राथमिकता दिँदा परिवारमा विखण्डन आएको
युवा/ किशोर/ किशोरी	• प्रविधि मैत्री तथा शिपमूलक शिक्षाको अभाव रहेको • विद्यालयहरुमा व्यवहारिक गतिविधि (Practical activities) हरुको कमी भएकोले सैद्धान्तिक विषय मात्र पढेर कुनैपनि व्यवहारिक ज्ञान तथा अनुभव नहुने र शैक्षिक प्रमाणपत्र भएर पनि समयमै कुनै काम नपाउने समस्याले शैक्षिक वेरोजगारी बढिरहेको • कलेजका पाठ्यक्रम र वास्तविक काम गर्ने ठाँउमा चाहिने ज्ञान सिपसंग तालमेल नमिल्ने तथा पढाईको क्रममा व्यवहारिक अनुभव हासिल गर्ने गरी ईन्टर्नशिपका कार्यक्रमहरुको कमी • युवाहरु बेरोजगारीका कारण भविश्य सुनिश्चित नदेखेर विदेश पलायन भईरहेको • युवाहरु लागु औषधको कुलतमा फस्ने र यस्ता दुर्व्यसनीको संख्यामा बृद्धि हुँदै गएको

	• हिंसा पिडित व्यक्तिहरुको तत्कालिन उद्धार कार्यका लागि पुनर्स्थापना केन्द्र/ बाल सुधार गृहको स्थापना गर्न नसक्नु
अवसर	**चुनौति**
• स्थानीय सरकारले महिला व्यवसायीलाई कर छुट गरी व्यवसाय गर्ने लैससासका लक्षित वर्गलाई प्रोत्साहन स्वरुप बजेटद्वारा सम्वोधन गर्ने नीति नियम बनाउन सकिने • महिला तथा विपन्न लक्षित व्यक्तिलाई विभिन्न उत्पादनमूक कार्यमा जोड्न सकिने र उनीहरुद्वारा उत्पादित सामग्रीहरुको बजार व्यवस्थापनमा सहयोग गर्न सकिने • विद्यालय र वडाहरुमा गठन भएका वाल क्लवहरुको सहयोग लिन सकिने • लैससासका लक्षित वर्गहरुसंग काम गर्ने विभिन्न संघ संस्थाहरुसंग साझेदारीमा काम गर्न सकिने	• महिलाहरुलाई रोजगारीका अवसरहरु प्राप्त नहुनु • लक्षित बर्गहरुको पँहुच र सहभागितामा देखिएको कमीलाई अर्थपूर्ण सहभागिता गराई पँहुच बढाउन नसक्नु चुनौति भएको • कानूनी रुपमा अधिकार प्राप्त भए पनि प्रकृया झन्झटिलो र कार्यान्वयनमा ढिलाई हुनु • पितृसत्तात्मक सोचका कारण समाजले महिलालाई पुरुषको समकक्षी नभई तल्लो तहको वा कमजोर मान्ने सामन्ती सोच चुनौतिको रुपमा रहेको • कार्य स्थलमा र समुदायमा भएका हिंसाका घटनाहरु उजुरीको रुपमा नआउनु

स्रोतः समूह छलफल, लैससास रणनीति तयारी कार्यशाला गोष्ठि, १८ बैशाख २०८१, रामप्रसाद राई गाउँपालिका हल, भोजपुर

२.२. सरोकारवाला पहिचान तथा विश्लेषण

यस गाउँपालिकाका लैससास सम्वन्धि सरोकारवालाहरुलाई प्रत्यक्ष सरोकार राख्ने गाउँपालिका भित्रैका शाखा उपशाखाहरुलाई पहिलो तहका सरोकारवालाहरु, गाउँपालिकास्तरमा कार्यरत विभिन्न स्थानीय संघसंस्था, समूह, नेटवर्कहरुलाई दोस्रो तहका सरोकारवालाहरु, र जिल्ला, प्रदेश तथा केन्द्रस्तरमा कार्यरत गाउँपालिकाबाट टाढाको दूरीमा रहेका भएपनि आवश्यकता अनुसार सम्पर्क समन्वय तथा सहकार्य गर्न सकिने निकायहरुलाई तेस्रो तहका सरोकारवालाहरुको रुपमा छुट्याई निम्न तालिकामा उल्लेख गरिएको छः ।

तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण

पहिलो तहका सरोकारवाला निकाय/ संस्था	दोस्रो तहका सरोकारवाला निकाय/ संस्था	तेस्रो तहका सरोकारवाला निकाय/संस्था
• गाउँपालिका अन्तर्गतका विभिन्न समिति तथा विषयगत शाखाहरु • न्यायिक समिति • लैससास नीति निर्देशन समिति • महिला तथा बालबालिका शाखा	• आमा समुह • महिला कृषि समुह • सहकारी संस्था • बाल क्लब तथा बाल संजालहरु • विद्यालय तथा बाल विकास केन्द्रहरु • राष्ट्रिय अपाङ्ग महासंघ • स्थानिय संञ्चार माध्यमहरु	• कोशी प्रदेश अनुसंन्धान तथा प्रशिक्षण केन्द्र, झापा • कोशी प्रदेश योजना आयोग, विराटनगर • सामाजिक विकास मंत्रालय कोशी प्रदेश विराटनगर • प्रदेश अन्तर्गत लैससासमा काम गर्ने निकायहरु मुख्य मन्त्री तथा

१.३. लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु

समाबेशी बिकासका लागि महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, विभेद र बन्चितीकरणमा परेका वा पारिएका बर्गलाई बिकासको मूल प्रवाहमा ल्याउनु यस रणनीतिको मुख्य उधेश्य रहेको छ ।

- जातजाति, लिङ्ग, वर्ग, अपाङ्गता भएका तथा उमेरका आधारमा विभेदमा रहेका महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, र बिपन्न बर्गलाई सशक्तिकरण माध्यमबाट स्रोतसाधनमा समानुपातिक पहुंच बनाउन ।
- लैससास सम्बन्धि सवाललाई अन्तरसम्बन्धित बिषयको रुपमा विकास प्रक्रियामा समाबेश गर्न ।

१.४. लैससास क्षेत्रमा लक्षित समुदायत्को पहिचान र बर्गिकरण

विभेद रहित समृद्ध र न्यायपूर्ण समाज स्थापनाको लागि नेपालमा बिगत देखि महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्ने प्रयास गरिएको छ । यसका लागि विभिन्न कार्यक्रमहरु कार्यन्वयनमा ल्याइएको छ । परिणाम स्वरूप लैससास अन्तर्गतका समुदायको सशक्तिकरणमा उल्लेखनीय योगदान पुगेको छ ।

यस पालिकाको कूल जनसंख्या १५६७३ रहेको छ जसमध्य ७७३४ पुरुष र ७९३९ महिला रहेका छन् । यस पालिकामा जम्मा ३७०९ घरधुरी छन्, जसमध्य २७१५ घरधुरी का घरमुली पुरुष रहेका छन् भने जम्मा ९९४ घरमा महिला घरमुली रहेका छन्.।

शैक्षिक स्तर को कुरा गर्दा, ५ बर्ष माथिका पुरुष ७१०० छन् भने महिला चाही ७३३९ छन् । यो कूल संख्या मा, पूर्ण रुपमा लेख पढ गर्न सक्ने पुरुष को संख्या ६०६९ छ भने महिला को ५२४९ रहेको छ.। साथै, पढ्न मात्र सक्ने २० पुरुष र ३० महिला छन् भने लेखपढ गर्नै नजान्ने पुरुष १०११ र महिला २०६० रहेका छन् ।

जात, जाति र मातृभाषाः

यहाँ अधिकांश राई (४२.८%) रहेका छन्। क्षेत्री र तामाङ जनसंख्याको १५.१% र १२.८% छन्। साथै, ८.२% र ४.२% जनसंख्या क्रमशः मगर र बिके छन्।

अधिकांश मानिसहरू किराँत (४१.८%) धर्म मान्छन् भने हिन्दू (३९.०%) धर्म मान्छन्। साथै, जनसंख्याको १८.४% बुद्ध धर्म पछ्याउँछन्।

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले प्रायः नेपाली (४२.९%) बोल्छन् र त्यसपछि बान्तवा (३३.५%) छन्। साथै, जनसंख्याको ९.४% र ५.३%ले क्रमशः तामाङ र मगर धुत भाषा बोल्छन्।

अपाङ्गता

यस गाउँपालिकामा कूल जनसंख्या को ३.२% फरक क्षमता भएका मानिसहरु रहेका छन् । जसमध्य ३.१% महिला र ३.३% पुरुष रहेका छन् ।

स्रोतः जनगणना २०७८, कोशी प्रदेश

१.२. लैससास रणनीति को आवश्यकता र औचित्य

लैससास क्षेत्रमा नीतिगत तथा ब्यबहारीक तवरबाट सुधारका पहलहरु भएतापनि दलित, महिला, अपांगता भएका व्यक्तिहरु लगाएत आर्थिक तथा सामाजिक रुपमा पछाडी रहेको नागरिकहरुले सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधार हुन सकेको छैन । नेपालको संबिधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाडफाडको कार्यन्वयनलाइ प्रभावकारी बनाउन चालु पन्ध्रौ योजनाको लक्ष्य एबम् उद्देश्य हासिल गर्न कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरि समानता कायम गर्नका लागि न्याय पूर्ण समाजको स्थापना गर्न आवश्यक रहेको छ । समाबेशी लोकतन्त्र लाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र स्थानिय निकाय अन्तर्गत बनाइने समिति तथा संरचनाहरुमा लैससास समुदायका व्यक्तिहरुको समतामुलक र अर्थपूर्ण पहुँच स्थापित गर्न पनि लैंगिक समानता र सामाजिक समाबेशिकरण आवश्यक रहन्छ

न) **"सीमान्तकृत"** भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएको, भौगिलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट वञ्चित रहो संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत र लोपन्मुख समुदाय समेतलाई जनाउँछ ।

प) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष, जातिय अल्पसंख्यक समूह, अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समूहहरुको तहगत तथ्याङ्कलाई बुझ्नु पर्दछ ।

फ) **"सामाजिक परिक्षण"** संस्थाद्धारा संचालिन कार्यक्रमको सामाजिक आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्न प्रकृयालाई बुझ्नुपर्दछ ।

ब) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित आदिवासी, जनजाति, आपाङ्ग, जेष्ठ नागरिक, बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनाता सम्झनु पर्दछ ।

भ) **"टोल विकास संस्था"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्छ ।

म) **"उपभोक्त समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र र्मेमत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

य) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण् गर्ने कार्यलाई सम्झनु पर्दछ ।

र) **"लैससास बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समानमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दे समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेठलाई बुझ्नु पर्दछ ।

ल) **"लक्षित समुदाय"** भन्नाले यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ । समुदायमा पछाडि पारिएका महिला, दलित, आदिवासी जानजाति, मद्देशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा, तथा पछाडि पारिएका वा वहिष्करणमा परेका समुदाय भन्ने बुझ्नुपर्दछ ।

क) **"रणनीति"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ सम्झनु पर्दछ ।

ख) **"स्थानीय तह"** भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले रामप्रसाद राई गाउँपालिका सम्झनु पर्दछ ।

घ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानयि तहको आवधिका विकास योजना, बार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, नगर सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्दछ ।

च) **"समाजिक वञ्चितीकरण"** भन्नाले परम्परादेखि चलिआएको अनौपाचारिक मुल्य मान्यत बमोजिम लिङ्ग, जातजाति, धर्म, आदि विभेद कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई मान्नुपर्दछ ।

छ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोगबाट वञ्चित भई जोखिममा परेका र आर्थिक सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरण परेका समुहहरुलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयामा सहभागी गराई उपलव्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई बुझ्नु पर्दछ ।

ज) **"लैससास सम्पर्क व्यक्ति वा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यलय वा निकायमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

झ) **"सामाजिक सामावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दे समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नु पर्दछ ।

ञ) **"विकास साझेदार"** भन्नाले सरकारसँग भएको सम्झौता बमोजिक नगद, जिन्सी एवम प्राविधिक सरहयोग उपलव्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृनिकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिगैरसरकारी संस्था सम्झनु पर्दछ ।

रामप्रसाद राई गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति -२०८१

१. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले लैंगिक विभेद अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा विभेद रहित सम्बृद्ध र न्याय पूर्ण समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । राज्यको तिनवटै शासकीय तहमा महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येस्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, भिन्न तरिकाले सक्षम् व्यक्तिहरुको समानुपातिक रुपमा अधिकार सुनिश्चित गरेको छ ।लैंगिक समानता र सामाजिक समाबेशीकरण लाइ मौलिक हक र राज्यको निर्देशन सिद्दान्तका रुपमा ब्याख्या गरेको छ । संविधानको धारा १६ ले सबै नागरिकको समान पुर्बक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ५१ (ञ) ले समाजिक न्याय र समाबेशीकरण सम्बन्धि नीतिको ब्यवस्था गरेको छ भने धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको पनि व्यवस्था गरेको छ । धारा ३८ मा महिलाको हक अन्तर्गत मौलिक हकको व्यवस्थाले समान बंशीय अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारिक मामिला सम्बन्धि अधिकार, स्वास्थ्य, शिक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । साथै महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधार मा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिँसाजन्य कार्य वा शोषण गरिने छैन । यस्ता हिँसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने र पिडित ले क्षतिपुर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ । राज्यले नागरिक हरु बीच धर्म, जात, भाषा, लिङ्ग, बर्ण, आर्थिक अवस्था, क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । लैंगिक समतामुलक राष्ट्र निर्माणको सोच र लैंगिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने उद्देश्य सहित १५ औ आवाधिक योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ कार्यन्वयन मा रहेको छ ।

संविधानको धारा १८ मा समानताको हकले नागरिकहरु सामाजिक र संस्कृतिक रुपले पछाडी परेका समुदायहरुलाई संरक्षण र सशक्तिकरण गर्दै विकास गर्ने बिशेष प्रावधानहरुको ब्यबस्था गरेको छ । समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । यसैगरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकले राज्यको हरेक सरकारहरुमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सिद्दान्त आधारमा जनताको सहभागिताको आधार स्थापना गरेको छ । संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिबासी, जनजाती,

१०.२. खारेजी तथा बचाऊ ३५
११. रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दयित्व ३५
१२. रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था ३८
१२.१. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति ३८
१२.१.१ लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार ३८
१२.२. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन उपसमिति वडास्तरमा ३९
१२.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार ३९
१२.३. गुनासो व्यवस्थापन ४१
१३. जोखिम विश्लेषण ४२
१४. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु ४३
१५. विविध ४३
१५.१ बाधा अडचन फुकाउने ४३
१६. अनुसुचिहरु ४४